

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २०८ • २०८० साल पुस १० गते मंगलबार (26 December, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशमा विकास

# अर्थमन्त्रीलाई कुर्दै सरकार, अझै सुरु भएन् काम

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा हालसम्म विकास निर्माणको काम प्रारम्भ हुनसकेको छैन् । पुस महिना बित्न लाग्दा पनि काम सुरु भएको छैन् ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट भाषणमा असोज महिनादेखि नै विकास निर्माणको कार्य प्रारम्भ हुने उल्लेख गरिएको थियो । तर पुस मसान्त बित्न लाग्दा पनि काम सुरु हुन सकेको छैन् ।

उच्चस्रोतहरुका अनुसार अर्थमन्त्री सञ्जय कुमार यादव विदेश भ्रमणबाट नफर्केकाले योजनाहरुको काम रोकिएको छ । चालु आर्थिक वर्षमा उपभोक्ता समिति मार्फत अधिकांश काम हुने संकेत देखिएको छ ।

योजनाहरुको सिफारिसकर्ताको सूची नै अर्थ मन्त्री यादवसित रहेकाले उनको अनुपस्थितिमा काम अगाडि नबढेको बताइएको छ ।

> स्रोतका अनुसार नेपाली कांग्रेसको भागमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयसहितको काम भने बुधवारबाट सुरु हुनेछ । कांग्रेसका नेताहरुको सिफारिसमा राखिएका योजनाहरुको सूची कांग्रेसकै मन्त्रीहरुसित रहेकाले काम तीव्र गतिमा अगाडि बढने स्रोतको दाबी छ ।

स्रोतका अनुसार नेपाली कांग्रेसको भागमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयसहितको काम भने बुधवारबाट सुरु हुनेछ । कांग्रेसका नेताहरुको सिफारिसमा राखिएका योजनाहरुको सूची कांग्रेसकै मन्त्रीहरुसित रहेकाले काम तीव्र गतिमा अगाडि बढने स्रोतको दाबी छ ।

मन्त्रालयहरुमा खर्चको अख्तियारनामा पठाइसकिएको छ । तर सूची अभावमा काम रोकिएको छ । अर्थमन्त्री मंगलवार जनकपुरधाम आउने अर्थ मन्त्रालय स्रोतले जनाएको छ ।

विगतमा आर्थिक मसान्तको अन्त्यमा विकास निर्माणको काम हुँदा गुणस्तरहीन काम हुने र भएका कामको भुक्तानी समेत हुन नसक्दा अर्को आर्थिक वर्षमा सरकार भुक्तानीकै कारण तनाव झेल्नु पर्ने अवस्था सृजना हुँदै आएकोछ ।

प्रदेश सरकारले 'भ्रष्टाचार शून्य सहनशीलता'को नारा दिएको छ । तर समयमा विकास निर्माणको काम प्रारम्भ नहुँदा अनियमितता बढ्ने आशंका गर्न थालिएको छ । सभासदहरुको विकास बजेट रोकिएको छ ।

# एक करोड बढीको प्याज नियन्त्रणमा

**टुडे समाचारदाता**

कलैया । बारा प्रहरीले अवैध रुपमा नेपाल भित्रिएको १ करोड रुपैयाँभन्दा बढीको प्याज नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय बारा मातहत समेतबाट खटिएको प्रहरी टोलीले गत भदौदेखि हालसम्म भन्सार छलीका १ करोड १५ लाख ८ हजार ७ सय रुपैयाँ मूल्य बराबरको प्याज नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता समेत रहेका डीएसपी दधिराम न्यौपानेका अनुसार नियन्त्रणमा लिएको प्याजलाई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको छ ।

नेपालमा प्याजको मूल्य अकासिएको छ । सीमावर्ती भारतीय बजारमा ७०-८० रुपैयाँ किलोको प्याज नेपालमा प्रति किलो सय भन्दा बढी मूल्यमा बिक्री हुने गरेको छ । उपभोक्ताहरुले आलु, प्याज, चामल र दाल खुद्रा रुपमा भारतीय सीमावर्ती बजारबाट ल्याउँदा प्रहरीले आँखा चिम्लिने गरे पनि घूस नदिने ट्रकहरुलाई प्रहरीले नियन्त्रणमा लिने गरेको छ ।




## आरतीका श्रीमान् पुनः पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । चर्चित आरती साह हत्याका आरोपि मोतीबाबु साहलाई पुनः सोमवार प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले उनका पति साहलाई पक्राउ गरेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको प्रहरी टोलीले फरार मोतीबाबुलाई सोमबार जनकपुरधामको एउटा होटेलबाट पक्राउ गरिएको धनुषा प्रहरीका प्रवक्ता डीएसपी रञ्जन आवेले जनाएका छन् ।

सर्वोच्च अदालतले मृतक आरतीका श्रीमान् मोतीबाबु साहलाई पक्राउ गर्न तीन हप्ता पूर्व आदेश जारी गरे पनि फरार रहेका साहलाई प्रहरीले पक्राउ गरी आवश्यक कारवाही अगाडि बढाएको बताइएकोछ ।

मृतक साहका परिवारजन काठमाण्डुको माइतीघरमा न्यायको मागगर्दै झण्डै ५ महिनादेखि धर्ना दिइरहेका छन् ।

आरतीका ससुरासँग १ लाख रूपैयाँ धरौटी माग गरिएको छ । यसअघि उच्च अदालत जनकपुरले आरतीका ससुरा र श्रीमान्लाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो ।









महोत्तरीको जलेश्वर नगरपालिका -१ मा अवस्थित बरूण सरोवरबाट देखिएको सूर्योदयको दृश्य। *तस्विर :रासस*

# भारको चौतर्फी प्रशंसा

**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान श्री रामको भारतको अयोध्यामा प्राणप्रतिष्ठा हुन लागेको अवसरमा जनकपुरधामबाट भार पठाउने गरिएको निर्णयको चौतर्फी प्रशंसा भइ रहेको छ । जानकी मन्दिरमा शनिवार सर्वपक्षीय बैठकबाट भारतको अयोध्यामा भार पठाउने निर्णय गरिएको थियो ।

मिथिला परम्परा अनुसार छोरी, बहिनीको नयाँ घर बन्दा हुने घरबासमा माइत पक्षबाट बर्ष भरिको खाद्यान्न, कपडा, आभूषण लगायतका सामग्रीहरु पठाउने गरिन्छ । अयोध्यामा बर्षौ देखि अलपत्र रहेको राम मन्दिर निर्माण भएपछि संसार भरिका सनातन धर्मावलम्बीहरु उत्साहित छन् ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास बैष्णवले जनकपुरधाम सहित सम्पूर्ण मिथिलाबासीलाई भारको अभिभारा दिइएको जानकारी दिए । जनकपुरधाम-४ का विकासकुमार साहले जानकी मन्दिरबाट आएको निर्णय प्रशंसनीय रहेको बताए । उनले भने -'जनकपुरधामबाट यस्तो भार जाओस कि अयोध्याबासी स्मरण गरोस ।

> जानकी मन्दिरमा शनिवार सर्वपक्षीय बैठकबाट भारतको अयोध्यामा भार पठाउने निर्णय गरिएको थियो ।

भारकालागि जनकपुरधामबासी उत्साहित देखिएका छन् । सर्वसाधारणहरु समेत भारकालागि सामग्री जुटाउन थालेका छन् । जनकपुरधामको पेठिया बजारमा चंगेरा किन्न पुगेका जनकपुरधाम-७ का अमेरी देवीले भनिन्-'जानकी माताको नायाँ घरको घरबास हुनेछ त्यसमा यहाँबाट भार पठाउनका लागि चंगेरा किन्न लागेका छौं ।' उनले जानकी मन्दिरमा भएको बैठकबाट चंगेरामा भार दिनका लागि भनेको आफूहरु सुनेको आधारमा चंगेरा किन्न पुगेकी बताइन् ।

# चिसो बढ्यो, शतर्कता अपनाउन अनुरोध

**टुडे समाचारदाता**

काठमाण्डु । देशभरिको तापक्रम घट्नेक्रममा रहेकाले चिसोबाट बच्न आवश्यक शतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाका मौसमविद् सरोज पुडासैनीले हाल नेपालमा उल्लेखनीय मौसमी प्रणाली नरहेपनि चिसो बढिरहेकाले आवश्यक शर्तकता अपनाउन सबैमा अनुरोध गर्नुभयो । अहिले देशको पहाडी भू-भागमा आंशिक बदली रहेको छ भने तराई क्षेत्रमा मौसम सामान्यतया सफा रहेको महाशाखाले उल्लेख गरेको छ । "पश्चिमी वायुको आंशिक प्रभाव छ । केही दिनलाई ठूलो मौसमी प्रणालीको प्रभाव छैन", मौसमविद् पुडासैनीले भन्नुभयो । आज कोशी, वाग्मती र गण्डकी प्रदेशको पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहने महाशाखाले पूर्वानुमान गरेको छ । रातिको समयमा पनि कोशी र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ ।



महाशाखाको विवरणमा बिहान तराईका विराटनगर, जनकपुर र भैरहवामा बाक्लो हुस्सु/कुइरो लागेको थियो । सोमबार काठमाडौंको न्यूनतम तापक्रम पाँच दशमलव चार र अधिकतम तापक्रम १८ डिग्रिसेल्सियस रहेको छ । तापक्रम घटेकाले काठमाडौंमा अत्याधिक चिसो बढेको छ । दिउँसो घाम लागेपनि बिहान र बेलुका बढी जाडो महसुस गरिएको छ । सबैभन्दा कम जुम्लामा माइनस दुई दशमलव आठ डिग्रिसेल्सियस तापक्रम मापन गरिएको महाशाले उल्लेख गरेको छ ।

# प्रधानमन्त्री दाहाल आज राष्ट्रका नाममा सम्बोधन गर्दै

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आज (मङ्गलबार) अपराह्न ३ बजे राष्ट्रका नाममा सम्बोधन गर्ने भएको छ । प्रधानमन्त्रीमा नियुक्त भएको एकवर्ष पुगेका अवसरमा उनले सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयबाट राष्ट्रका नाममा सम्बोधन गर्न लागेका हुन् ।



विसं २०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायलाई केन्द्रमा राखी कार्यसम्पादन गरिरहेको छ । भ्रष्टाचार नियन्त्रण, सुशासन तथा सामाजिक न्यायको प्रत्याभूति र मुलुकको आर्थिक अवस्थालाई सुदृढ बनाउन सरकारले एक वर्षका अवधिमा गरेका प्रयासबारे जानकारी दिन उनले सम्बोधन गर्न लागेको प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए ।

# नेपाल जलबायु परिवर्तनको उच्च जोखीममा

**टुडे समाचारदाता**

काठमाण्डु । विश्वको कूल हरित गृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका नगन्य (०.०५ प्रतिशतभन्दा कम) रहेको छ । तर नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका विश्वका १० राष्ट्रमा पर्दछ ।

जलवायुको असरले हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी, तथा तराई मधेसमा बाढी र पहिरो अस्वभाविक रुपमा देखिन थालेको छ । हिमाली क्षेत्रमा तापक्रम वृद्धिदर अन्य क्षेत्रको औसत तापक्रम वृद्धिदरभन्दा बढी हुने हुनाले जलवायुको प्रत्यक्ष असर विशेष गरी हिमाली क्षेत्रमा देखिन थालेको छ । उच्च तापक्रम वृद्धि, वर्षा र हिमपातमा आएको परिवर्तनले खडेरी, बाढी, पहिरो र डढेलोजस्ता जलवायुजन्य प्रकोप बढ्दै गएका छन् । यसका कारण नेपालले प्रति वर्ष कूल गार्हस्थ उत्पादन (जिडिपी)को ० दशमलव ०८ देखि २ दशमलव ०८ प्रतिशतसम्म आर्थिक हानिनोक्सानी व्यहोर्नुपरेको छ ।

यहीपृष्ठभूमिमा जलवायुपरिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप २८) हालै सम्पन्न भएको छ । सम्मेलनले जीवाष्म इन्धनको युग अन्तको सुरुआत, जलवायुजन्य हानिनोक्सानी कोष स्थापना, जलवायु वित्तमा विभिन्न सहयोगलगायत ऐतिहासिक निर्णय गरेको छ । कोप-२८ संयुक्त अरब इमिरेट्सको दुबईमा गत मङ्सिर १४ देखि २६ गतेसम्म भएको थियो ।

यस सम्मेलनमा नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा सहभागिता जनाउनुका साथै आवश्यक तयारी र प्रभावकारिताका साथ प्रस्तुत भएको थियो । सम्मेलनमा पहिलोपटक नेपालले लामो समयदेखि उठाउँदै आएको हिमालका मुद्दा निर्णयका दस्तावेजमा समावेश गरिएको छ ।

सम्मेलनले गरेका महत्वपूर्ण निर्णयबाट नेपालले लाभ लिन तीव्ररुपमा तयारी थाल्नुपर्ने यस क्षेत्रका जानकारको भनाई छ । जलवायुका असरबाट भएका क्षतिपूर्तिको दाबी गर्न र अनुदान तथा सहयोग प्राप्त गर्न नेपाल सरकारले आजैदेखि आन्तरिक तयारी थाल्नुपर्नेमा विज्ञले जोड दिएका छन् ।

'दिगो समृद्धि अभियान नेपाल'का अध्यक्ष मोहनदास मानन्धरले नेपालका मुद्दा प्राथमिकता परेको र राम्रा निर्णय भएको भनेर मात्र यसबाट लाभ लिन नसकिने बताए । उनले भने, "हानिनोक्सानी कोषको रकममा पहुँच बढाउन तथा प्राप्त गर्न प्रमाणित तथ्याङ्क चाहिन्छ, अन्तर्राष्ट्रिय जगत्लाई विश्वस्त पार्न सक्नुपर्छ । पर्वतीय मुद्दा, कार्बन व्यापार, वैकल्पिक तथा स्वच्छ ऊर्जा सम्बन्धमा भएका निर्णयबाट लाभ लिन आजैदेखि विभिन्न प्रस्ताव बनाउने, पेश गर्ने, प्रस्तुति गर्ने, क्षमता अभिवृद्धि गर्नेलगायतका काम गर्नु आवश्यक छ ।"नेपालले कोप-२८ मा नेपालले पहिलोपटक आफ्नै 'पेभिलियन' राखेको थियो । अध्यक्ष मानन्धरले पेभिलियनमा भएका विभिन्न कार्यक्रममार्फत नेपालका मुद्दाका सम्बन्धमा विषय उठान गर्न, राम्रा अभ्यास देखाउन तथा अन्य विषयमा पैरवी गर्न सहज भएको उल्लेख गरे ।



यसैगरी सम्मेलनबाट जलवायुजन्य हानिनोक्सानी कोष स्थापना हुनुका साथै कोषमा सात सय मिलियन अमेरिकी डलरभन्दा बढी रकमको प्रतिबद्धतासमेत भएको छ । आगामी जनवरी महिनाभित्र कोष सञ्चालनका लागि बोर्ड गठन भई निर्देशक नियुक्त भएपछि कोष कार्यान्वयनको सुरुआत हुनेछ ।

यो कोष स्थापना भए पनि नेपालजस्ता मुलुकले यसबाट आवश्यक लाभ लिन धेरै मेहनत र तयारी गर्नुपर्ने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम नेपालका जलवायु विज्ञ दीपक केसीले बताए । जटिल प्रक्रियाका कारण नेपाललाई यसअघिका विभिन्न जलवायुसम्बन्धी कोषबाट लाभ लिन पनि कठिनाइ भइरहेको थियो । उनले भने, "हानिनोक्सानी कोषबाट लाभ प्रदान गर्ने प्रक्रिया थप प्रक्रियामुखी हुनेतर्फ नेपाल सरकार सचेत भई आफ्नो तयारी अहिलेदेखि नै थाल्नुपर्छ ।"

प्रत्येक सम्मेलनमा वार्ता र छलफलका लागि सरकारी अधिकारी परिवर्तन हुने गरेको सम्बन्धमा जलवायु विज्ञ केसीले कम्तीमा पाँच वर्षसम्म एउटै समूह यस कार्यमा सम्लग्न भए प्रभावकारी रुपमा प्रस्तुत हुन र परिणाम देखिने गरी काम गर्न सकिने सुझाव दिए ।

यस सम्मेलनमा 'जलवायुको विश्वव्यापी समीक्षा'ले तापमान वृद्धिलाई १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्न हरितगृह ग्यास उत्सर्जनलाई सन् २०१९ स्तरको तुलनामा सन् २०३० सम्ममा ४३ प्रतिशत घटाउनुपर्ने उल्लेख गरेको छ । उक्त समीक्षाले पक्ष राष्ट्रहरूलाई विश्वव्यापीस्तरमा नवीकरणीय ऊर्जा क्षमताको तीन गुणा वृद्धि र सन् २०३० सम्ममा ऊर्जा दक्षता सुधारलाई दोब्बर बनाउने कार्य गर्न आह्वान गरेको छ ।

यसैगरी 'अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्था'का आवासीय प्रतिनिधि डा मनोहरा खड्काले सम्मेलनका उपलब्धि कार्यान्वयन गर्न राष्ट्रियस्तरमा अनुसन्धान र नवीनत प्रविधिको प्रयोग बढाउनुपर्नेमा जोड दिए । जलवायु परिवर्तनका असर हेर्ने माध्यम जलस्रोत भएकाले यस एजेण्डालाई नेपालजस्ता मुलुकले थप प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने उनको सुझाव छ । आवासीय प्रतिनिधि डा खड्काले सम्मेलनबाट जलवायुजन्य समस्या समाधानका लागि जलवायु वित्त जुटाउन, हानिनोक्सानी कोषका साथै जल र खाद्य सुरक्षा सम्बन्धमा भएका छलफल र निर्णय सकारात्मक भएको उल्लेख गर्र्दै अब कार्यान्वयनमा लाग्नुपर्ने जानकारी दिए ।

कोप-२८ मा भएको जलवायुसम्बन्धी पहिलो विश्वव्यापी समीक्षा (जिएसटी)मा हिमालको पारिस्थितिकीय प्रणालीमा काम गर्नुपर्छ, यो बढी जोखिमयुक्त छ भनेर उल्लेख भएको छ । यसले गर्दा सन् २०२८ सम्म यही विषयलाई समावेश गरेर नेपालका मुद्दाका बारेमा पैरवी गर्न सहज हुनेछ ।

वन तथा वातावरण मन्त्रालयले भने जलवायुको क्षतिपूर्ति माग दाबी गर्न एनएफसिसिसीको सचिवालयका र सम्बन्धित अन्य बैठक, छलफल तथा वार्तामा सशक्त रुपमा नेपालको उपस्थिति रहेको जनाएको छ । मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख बुद्धिसागर पौडेलका अनुसार नेपालले निकट भविष्यमै हिमाल भएका अन्य मुलुकलाई एकताबद्ध गराएर उच्चस्तरको संवाद र छलफल गर्नेछ ।

आगामी जुन महिनामा जर्मनीको बोनमा हिमालका मुद्दामा 'टेक्निकल डाइलग' गरिने जानकारी गराउँदै उनले भने, "यसमा विज्ञहरूले गर्ने छलफलबाट तयार हुने प्रतिवेदनले सिफारिस गर्ने र त्यसपछि आगामी कोपमा यो मुद्दा थप अगाडि बढाउन सहज हुनेछ ।" सम्मेलनका उपलब्धिबाट लाभ लिन सरोकारवाला मन्त्रालयबीच समन्वय थप आन्तरिक तयार ीसमेत थाल्नुपर्र्ने उनको भनाइ छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

- मेष : पुरस्कार प्राप्त लाभ ।
- बृष : नयाँ कार्य हुने ।
- मिथून : बौद्धिक क्षमता ।
- कर्कट : प्रतिभा सम्पन्नता ।
- सिंह : शिक्षामा उन्नति ।
- कन्या : पारिवाहिक सुख ।
- तुला : धन वृद्धि सञ्चय ।
- बृश्चिक : प्रेम प्रसंग, मित्र सुख ।
- धनु : सुख समृद्धि हुने ।
- मकर : भ्रमण अवसर हुने ।
- कुम्भ : अवसर प्राप्त ।
- मीन : वाद विवादबाट बच्नु ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# विश्वविद्यालयको गाडीले पर्खाल भत्काए

**अनिल तिवारी**

वीरगञ्ज । मधेश विश्वविद्यालयको गाडीले पर्खाल भत्काएको छ । वीरगञ्जको




नेशनल ट्रेडिग स्थित मधेश विश्वविद्यालय परिषर भित्रै आफ्नै गाडीले ठोकिएर मुख्य प्रवेशद्वार नजिकैको पर्खाल भत्किएको छ।

पर्खालमै जोडले गाडी ठोकिए पर्खालमा अडकिए पछि पर्खाल भत्काएर गाडी तानिएको छ । आइतबारराति करिब ८ बजेको समयमा विश्वविद्यालयकै नयाँ स्कारपीयो गाडीले ठोक्किदा गेटसंगैको पर्खाल भत्किएको छ।

दुर्घटनाका भिडियो सामाजिक संजालमा सार्वजनिक भएपछि विश्वविद्यालयको मधेश प्रदेश ०२-००१ झ ००२३ नम्बरको स्कारपीयोको ठक्करबाट भत्किएको विश्वविद्यालयका रजिस्ट्रार विजय यादवले जनाए।

चालक झगरु यादव भनिने प्रकाश यादवलाई गाडी चलाउदा दुर्घटना भएको विश्विद्यालयले जनाउदै आएको छ। तर आइतबार राति अवेर भएको दुर्घटना पछि झगरु यादव सम्पर्कविहीन छन्। उनी रातिदेखि नै सम्पर्कविहीन रहेको विश्वविद्यालयका रजिस्ट्रार यादवले जानकारी दिए।

# बलराम ज्वेलर्सबाट युवक पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम। लामो समय देखि जनकपुरधामको बलराम ज्वेलर्समा कार्यरत रहेका एक कर्मचारीलाई पक्राउ गरिएको छ । ज्वेलर्सका सञ्चालक बलराम साहले ती कर्मचारीले लाखौं रुपैयाँ हिनामिना गरेको आरोप लगाएका छन् ।

रोशन राज भन्ने रोशन बैठा 'धोबी'लाई धनुषा प्रहरीले ती ज्वेलर्समा चोरी गरेको आरोपमा अनुसंधानका लागि आइतवार कार्यरत स्थानबाटनै पक्राउ गरेर लगेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । बलराम ज्वेलर्सका सञ्चालक बलराम स्वयंले जिल्ला प्रहरी कार्यालयमा ठाडो उजुरी दिइ पक्राउ गर्न लगाएको धनुषाप्रहरीले जनाएको छ । प्रहरी भन्छन्, 'हामी अनुसन्धानको लागि अहिले लिएर आएका छौ ।'

समय समयमा पैसा हराउने, सिसिटीभीको पासवर्ड दुरुपयोग गर्ने, जस्ता कार्य हुँदै आएपछि शंका लागेर विगत दुई महिनादेखि आफूले बैठामाथि निगरानी बढाएको र केही रकम आफ्नै अर्को स्टाफलाई प्रलोभन दिएको फेला परेपछि प्रहरीलाई खबर गरेको बलरामले बताएका छन् । मेरो लाखौं रूपैयाँ गायब भएको र उनीहरुको गिरोह नै सक्रिय रहेको शंका आफूलाई रहेको उनले बताएका छन् ।

# मन्त्री किराँतीको अभिव्यक्तिविरुद्ध प्रदर्शन

**ओम प्रकाश यादव**

गरुडा । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती विरुद्ध हिन्दूवादीहरुले सोमवार रौतहटको गरुडामा विरोध प्रदर्शन गरेका छन् ।

केही दिन अघि एक कार्यक्रममा मन्त्री किराँतीले गैर जिम्मेवारीपूर्ण विवादास्पद अभिव्यक्ति दिएको भन्दै हिन्दूवादीहरुले सोमवार साँझ अबेर गरुडामा मन्त्री किराँतीको राजीनामा माग्दै नाराजुलुस लगाउँदै प्रदर्शन गरेका छन् ।

राष्ट्रिय शक्ति नेपाल जिल्ला कार्य समिति रौतहटको आह्वानमा मन्त्री किराँतीविरुद्ध प्रदर्शन गरिएको छ । गएको बुधवार मन्त्री किराँतीले एक सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिप्रति असन्तुष्टि जनाउदै राष्ट्रिय शक्ति नेपालले उनको राजीनामा मागेका छन् ।

बुधवार मन्त्री किराँतीले



एक सार्वजनिक कार्यक्रममा क्रिश्चियन धर्मलाई स्वीकार नगर्ने सबै देशद्रोही भएको आरोप लगाउँदै क्रिश्चियन धर्म नस्वीकार्नेहरुलाई जेलमा राख्नुपर्ने अभिव्यक्ति दिएका थिए । सोही अभिव्यक्तिलाई लिएर अहिले मन्त्री किराँतीको देशभर विरोध भइरहेको छ ।

विरोध प्रदर्शनमा बोल्दै राष्ट्रिय शक्ति नेपाल जिल्ला कार्य समिति रौतहटका अध्यक्ष रामबाबु साह तेलीले देशको बहालवाला मन्त्रीले कुनै समुदायको कार्यक्रममा गइ अरु समुदायलाई निन्दा गर्दै एउटा समुदायलाई उचालेर अपमानजनक अभिव्यक्ति दिनु गलत भएको बताए । उनले किराँतीको अभिव्यक्ति मन्त्री पदमा बस्नका लागि योग्य नरहेकाले तत्काल बर्खास्त गर्नुपर्ने माग गरे । मन्त्री भएर सामाजिक सद्भाव बिगार्ने काम गरेको उनको आरोप छ ।

# चिसोमा न्यानो कपडा पाउँदा दङ्ग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका भित्रका विपन्न परिवारलाई दाताको सहयोगले ठूलो राहत भएको छ । उपमहानगरपालिका भित्रका विपन्न परिवारलाई कठ्याङग्रिने चिसोमा न्यानो कपडा पाए पछि उनीहरू दङ्ग परेका छन् ।

जनकपुरधाम का केही युवा विद्यार्थीहरुले कपडा संकलन गरेर उपमहानगरपालिका भित्र का केही ग्रामीण भेगका मुसहर बस्तीहरुमा न्यानो कपडा वितरण गरेका छन्।



चिसोका कारणले विपन्न परिवारका बालबालिका विद्यालय जान समेत छोड्ने गर्छन् । उनीहरूलाई न्यानो कपडाको अभावले विद्यालय नियमित गराउन सहयोग पुग्ने उद्देश्यले कपडा वितरण गरेको कार्यक्रमका संयोजक निर्जला विश्वकर्माले बताइन् । उनका अनुसार हामीले आफ्ना साथीहरु सँग मिलेर पुरानो कपडाहरू संकलन गरी सफा गरेर कपडा जम्मा पारेका कपडा वितरण गरिएको छ ।

उनले भनिन्-'हामीलाई केही नयाँ कपडाहरु पसलबाट प्राप्त भएको थियो । धेरै साथीहरुले आफ्नो काम नआएका र प्रयोग विहीन भएका कपडाहरू सफा गरेर दिन आएका थिए। हामीले धेरै साथीलाई कलेजमा कपडा ल्याउन अनुरोध गरेका थियौ । सबैको साथ र सहयोगले थौरै भएपनि केही परिवारलाई राहत पुगेको छ ।'

करिब २ सय थान भन्दा बढि कपडाहरू संकलन गरेर वितरण गरिएको कार्यक्रमका अर्का अभियानी दिवेशकुमार महतो बताउँछन्। धेरै मानिसहरु कहाँ घरमा प्रयोग विहीन भएका कपडाहरू हुन्छन्, ती कपडाहरू हामीले संकलन गरी सही ठाउँमा पुर्‍याएको उनले बताए । उनले भने-' हामीले आफ्नो अनावश्यक खर्चलाई कटौती गर्दै बालबालिकाहरुका लागि केही खानेकुराहरु पनि लागेका थियौं ।'

पुरानै कपडा भए पनि घरमा आएर दिएको भन्दै स्थानीय एक महिला खुशी ब्यक्त गरिन् । उनले भनिन्-'सरकारहरु यस बारे बेखबर छ । समयमै सरकारको ध्यानाकर्षण होस् ।' कपडा वितरण गर्नेहरु जनकपुरधाममा अध्यनरत मोनाष्टिक कलेज कानुन संकाय का विधार्थीहरु थिए ।

# नेपाल-भारतको सम्वन्ध अझ प्रगाढ बनाइने : महावाणिज्यदूत

**टुडे समाचारदाता**

वीरगञ्ज । भारतीय महावाणिज्यदूत देवी सहाय मीणाले नेपाल-भारत सम्बन्धलाई अझ प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावासमा केही समय अगाडि प्रमुख भएर आएका महावाणिज्यदूत मीणाले समय समयमा आउने साना तिना समस्यालाई सरोकारवालाको सहयोगमा समाधान गर्दै दुबै देशको सम्बन्धलाई महावाणिज्य दूतावासले अगाडि बढ्ने प्रतिवद्धता जनाए ।

नेपाल भारत सहयोग मञ्चले आयोजना गरेको गोष्ठीमा महावाणिज्यदूत मीणाले नेपाल भारत बीचको सम्बन्ध भौगोलिक, धार्मिक, वैवाहिक एकतामा आधारित रोटी-बेटी बीच स्थापित सदियौ देखिको प्रगाढ सम्बन्ध रहेको प्रसंग उल्लेख गरे ।

महावाणिज्यदूत मीणको स्वागत तथा 'वीरगञ्ज-र



क्सौल' जनसम्बन्ध विषयक गोष्ठीमा प्रोफेसर अनिल कुमार सिन्हाले दुबै देश बीचको सम्बन्ध सीमा, सरकार र दिल्ली काठमाण्डु भन्दा पनि दुबै सहर, बजार अथवा देशका ' जन-जन' बीच सम्बन्ध सुमधुर रहेको बताए । उनले वीरगञ्ज र रक्सौलका जनताले दुबै देशको प्रजातान्त्रिक आन्दोलन देखि मधेश आन्दोलनमा गरेको सहयोग ऐतिहासिक रहेको बताए। नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक बैद्यको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्व अध्याक्ष अशोक लाठ, भारत रक्सौलका प्रोफेसर मनिषकुमार दुबे र मञ्चका उपाध्यक्ष गोपाल केडिया लगायतका बक्तहरुले नेपाल भारत बीचको सम्बन्धका बारेमा चर्चा गरेका थिए ।

# बिभिन्न मुद्दाका फरार प्रतिबादी पक्राउ

**टुडे समाचारदाता**

गौर । रौतहट प्रहरीले अदालतबाट विभिन्न मुद्दामा कैद जरिवाना र सजाय भएका १० जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

रौतहट जिल्ला अदालतको फैसला कार्यान्वयन अन्तर्गत कैद




तथा जरिवाना सजाय भइ फरार रहेका प्रतिवादीहरुलाई खोजतलास गर्ने क्रममा १० जना प्रतिवादी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

पक्राउ पर्नेमा रौतहटका झुनखुनवा ५ का राम प्रवेश चौधरी कलवार, लालो देवी, वड़ा नम्बर ७ का भगत चौधरी, ८ का शिव चौधरी ,९ का रामपति देवी , फतुवा विजयपुर नपा ९ का राम विचारी चौधरी, कपिलदेव चौधरी , वड़ा ८ का भगवानिया देवी चौधरी र इनरवती देवी चौधरी रहेको जिप्रका रौतहटले जनाएको छ।

मातहतका प्रहरी कार्यालयबाट खटिएका प्रहरी टोलीले खोजतलास गरी पक्राउ गरी ल्याएका प्रतिवादीहरुलाई आवश्यक कारवाहीका लागि रौतहट जिल्ला अदालतमा पेश गरिएको प्रहरी उपरीक्षक दामोदर केसीले जानकारी दिए ।

# लागू औषधसहित चार जना पक्राउ

**टुडे समाचारदाता**

कलैया । बारा प्रहरीले लागू औषधसहित चार जनालाई पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय निजगढ र ईलाका प्रहरी कार्यालय सिमरा बाट खटिएको टोलीले चेकजाँच गर्ने क्रममा



प्रतिबन्धित लागूऔषध सहित ४ जनालाई पक्राउ गरेको छ।

कलैया उपमहानगरपालिका-१ का ४३ वर्षीय जय शंकर प्रसाद यादव, २४ वर्षीय मनिष कुमार साह, निजगढ नगरपालिका-८ बुद्ध चोकका २० वर्षीय विवेक मोक्तान, जीतपुर सिमरा उपमहानगरपालिका-१६ टांगियाका २० वर्षीय सागर तामाङलाई प्रतिबन्धित लागूऔषध ट्याब्लेटसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको ।

इलाका प्रहरी कार्यालय सिमराबाट खटेको गस्ती टोलीले जीतपुरसिमरा उपमहानगरपालिका-३ बाट प्र.२-०३-०१६ प ०८८८ नं.को मोटरसाईकलमा लुकाई छिपाई ल्याउदै गरेको फेनरागन- २१६ पिस ,डाईजेपाम ३०३ पिस, बुप्रो नोर्फिन ३०० पिस सहित जय शंकर प्रसाद यादव र मनिष कुमार साहलाई पक्राउ गरेको जिप्रका बाराले जनाएको छ।

त्यस्तै इलाका प्रहरी कार्यालय निजगढबाट खटेको गस्ती टोलीले निजगढ नगरपालिका-९ शहीद चोक स्थित बजारबाट ट्रमनिल १८ पत्ता १८० ट्याबलेट प्रहरीले बरामद गरेको छ। पक्राउ परेका चारैजनालाई नियन्त्रणमा राखेर थप अनुसन्धान भइरहेको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए।

# क्रिकेट खेलाडी झा सम्मानित



**टुडे समाचारदाता**

मलंगवा । द सहारा लोन सेविंग्स को-अपरेटिभ सोसाइटी लिमिटेडको २७ औं वार्षिक साधारणसभा सोमबार सर्लाहीको सदरमुकाम मलंगवामा सम्पन्न भएको छ।

संस्थाका कार्यकारी अध्यक्ष नागेन्द्र कुमारको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र सिंह रहेका थिए।

सो अवसरमा मन्त्री सिंह र अध्यक्ष नागेन्द्र कुमारले संस्थाको तर्फबाट सर्लाही जिल्लाको सदरमुकाम मलंगवा नगरपालिका-८ का नेपाली राष्ट्रिय क्रिकेट टिमका अलराउण्डर युवा खेलाडी गुलशन झालाई अन्तर र्ाष्ट्रिय क्रिकेटमा नेपाल र सर्लाही जिल्लाको सम्मान बढाएको भन्दै कदरपत्रद्वारा सम्मानित गरिएको थियो।

खेलाडी झा खेलको सिलसिलामा कार्यक्रममा उपस्थित हुन नसकेकोले उनको बुवा अखिलेश झाले उक्त सम्मान ग्रहण गरेका थिए।

कार्यक्रममा उत्कृष्ट कर्मचारी, असल ऋणी लगायतकाहरुलाई पनि कदरपत्र द्वारा सम्मानित गरिएको थियो।

# डिस होम कर्पोरेट सुपर सिक्स क्रिकेट सिजन २ सुरु

**टुडे समाचारदाता**

मलंगवा । डिस होम फाइबर नेट कोपरेट सुपर सिक्स क्रिकेट टुर्नामेट सिजन २ सोमबारदेखि सर्लाहीको सदरमुकाम मलंगवामा सुरु भएको छ।

मलंगवा नगरपालिकाको नगरपालिकासहित मलंगवाका १० वटा बैंकहरुले प्रतिस्पर्धा गरिरहेका छन्।

सोमबार बिहान ११ बजे प्रमुख अतिथि नगरप्रमुख नागेन्द्र प्रसाद यादव र विशिष्ट अतिथि वडा न-८ का वडाअध्यक्ष मुकेश जयसवालले भइरहेको खेलमा कुमारी बैंक, सहारा मल्टिपर्पस, नविल बैंक, राजश्री सेविंग्स एण्ड क्रेडिट, मलंगवा नगरपालिका, हिमालयन बैंक, एनएमबी बैंक, प्रभु बैंक, प्रोग्रेसिभ फाइनान्स र एनआईसी एसिया बैंकका टिमहरु सहभागी भएको डिस




आयोजना तथा डिस होम फाइबर नेटका अधिकृत बिक्रेता लक्ष्मी इन्टरप्राइजेजको सहयोगमा सञ्चालन भइरहेको प्रतियोगितामा ब्याटिङ र बलिंङ्ग गरेर प्रतियोगिताको उद्घाटन गरेका थिए।

मलंगवा नगरपालिका-१० स्थित तीनबिघे मैदानमा सञ्चालन होम फाइबर नेटका अधिकृत बिक्रेता लक्ष्मी इन्टरप्राइजेजका संचालक सुवास गुप्ताले जनाएका छन्।

# तुलसी दिवस मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । धर्म यात्रा महासंघ नेपाल र विश्व हिन्दू परिषद् नेपाल धनुषाको संयुक्त आयोजनामा तुलसी पूजन दिवस मनाइएको छ।

सोमबार मिथिला यात्री निवसको प्रांगणमा तुलसी दिवस मनाइएको छ । हिन्दू धर्मशास्त्र




अनुसार तुलसी महत्वपूर्ण वृक्षको रुपमा रहेकोले यसको संरक्षण र सम्वर्द्धनमा जोड दिनुपर्ने आयोजकले जनाएको छ।

तुलसीको धार्मिक महत्वका साथसाथै औषधिय गुण तथा वातावरण सन्तुलनमा समेत यसको योगदान रहेको धर्म यात्राका प्रमुख वीरेन्द्र साहले बताए।

यस अवसरमा विश्व हिन्दू परिषद्ले मोहन साह, रमण यादव, जनकपुरधाम उद्योग वाणिज्य संघका उपाध्यक्ष अम्भुप्रसाद साह, होटेल व्यवसायी दीपेन्द्रकुमार यादवलगायतको सहभागिता रहेको थियो।

## बाघको आक्रमणबाट युवकको मृत्यु

वीरगञ्ज। बाघको आक्रमणबाट पर्सामा एक युवकको मृत्यु भएको छ। बाघको आक्रमणमा परी पटेर्वा सुगौली गाउँपालिका-२ थरकटीका ३२ वर्षीय मनोज उराँव धाँगडको मृत्यु भएको हो। घर नजिकै जङ्गलमा शौच गर्न गएका धाँगड आज बेपत्ता भएका थिए। उनको खोजतलाश गर्ने क्रममा शव फेला परेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामराज केसरीले जानकारी दिनुभयो।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# समय थप्नु उचित होइन्

मधेश प्रदेश सभाले गत आर्थिक वर्षमा भएको सशर्त अनुदान र समपुरक बजेट वितरणमा अनियमितता भएको आवाज उठेपछि संसदीय छानबिन समिति गठन गरेको छ। एक महिना भित्र छानबिन गरी प्रदेश सभामा प्रतिवेदन बुझाउने शर्तमा गठन भएको सो समितिले पटक-पटक म्याद थप मात्र गरेको छ। समयमै प्रतिवेदन बुझाउन नसक्नु समितिको सफलता मान्न सकिदैन्। छानबिन भइरहेको, प्रतिवेदन तयार भइरहेको, स्पष्टीकरण सोध्ने जस्ता कारण देखाएर समितिले पटक-पटक म्याद थप मात्र गरेको देखिन्छ। असार २६ गते गठन भएको सो समितिले पुस महिना सम्म पनि प्रतिवेदन प्रदेश सभामा बुझाउन सकेको छैन् ।समितिले छानबिन गर्ने प्रमुख केन्द्रमा प्रदेशको अर्थ मन्त्रालयलाई नै राखेको छ । प्रदेशको अर्थ मन्त्रालय र प्रदेश सभाबीचको दुरी ४ किलोमिटरको हाराहारीमा रहेको छ। पत्राचार ईमेलबाट गर्दा बढीमा केही मिनेट लाग्न सक्छ। कार्यालय सहयोगी मार्फत नै पत्राचार गरिए साइकल चढेर आउजाउ गर्न बढीमा आधी घण्टा लाग्ला। छानबिन समिति नै अर्थमन्त्रालय पुग्न जीपले बढीमा १० मिनेट समय लाग्ला । तर ६ महिना सम्म पनि प्रतिवेदन तयारी हुन नसक्दा समितिको क्षमता र नियतमाथि नै प्रश्न खडा भएकोछ। छानबिन समितिलाई अर्थ मन्त्रालयले सहयोग नगरे त्यो नै प्रतिवेदनमा उल्लेख गरी समयमै प्रदेश सभामा बुझाउनु पर्ने हो । प्रदेश सभाले निर्धारण गरेको समयावधिमा प्रतिवेदन नबुझाई अल्मलाउने काम गर्नु भनेको भत्ता लगायतका सुबिधा त कारण होइन् ? प्रदेशमा सशर्त अनुदान र समपुरक बजेट बितरणमा अनियमितता गरेको हो भने कागजात अध्ययनबाट नै खुलिसक्छ । कामको गुणस्तर जाँच्ने जिम्मेवारी समितिको होइन्। सशर्त अनुदान र समपुरक बजेट बितरणमा अनियमितता भएको विषय प्रदेश सभाको बैठकमा उठेपछि छानबिनका लागि समिति बनाइएको हो । समितिले अर्थ मन्त्रालयबाट गएको सशर्त अनुदान र समपुरक बजेटको सबै कागजात लिन बढीमा २ दिन लाग्न सक्छ। कम्प्युटर प्रणालीमा रहेका कागजातहरु प्रिन्ट गरी झिक्न अर्थ मन्त्रालयले पक्कै ढिलाई गरेन् होला ? अर्थ मन्त्रालयले उपलब्ध गराएकै कागजातको आधारमा समितिले छानबिन गर्ने हो। त्यसका लागि ६ महिना समय लाग्नु अर्को छानबिन गर्नुपर्ने विषय हो । सभासदहरुले पाएको जिम्मेवारी समयमै पूरा गर्न नसक्ने र सरकारमाथि औला ठड्याउन मिल्दैन् होला ?पछिल्लो पटक म्याद थप गर्न समितिले खोज्नु अनुचित भएकाले थप गर्नु हुँदैन् ।

# महिलावादीहरुको मञ्च बारे



रोशन जनकपुरी

गत सनिवार र आइतवार जनकपुरमा महिलावादी महिला मञ्च २०८०को कार्यक्रम सम्पन्न भएको छ । मधेश प्रदेशका आठवटा जिल्लाबाट सरकारी र राजनीतिक क्षेत्र, पत्रकारिता, कानुन व्यवसायी, मानव अधिकार र महिलाअधिकार लगायत विविध क्षेत्रमा सकिय महिला नेतृहरुको सहभागिता रहेको यस कार्यक्रममा प्रदेशसभा तथा स्थानीय तहका मन्त्री लगायतका जनप्रतिनिधि तथा सरकारी प्रशासनिक क्षेत्रका उच्चाधिकारीहरुको समेत उपस्थिति थियो । सामाजिक रुपान्तरणका लागि महिला नेतृत्वको नार ासहित आयोजित यस कार्यक्रममा प्रदेशमा महिला अधिकारका विविध पक्षबारे बहस गरिएको थियो । कार्यक्रमपछि वाचन गरिएको घोषणापत्रमा महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको शरीरलाई हेर्ने भोगवादी सोच, पितृसत्तात्मक विभेद तथा सामाजिक, आर्थिक र श्रम अधिकारको क्षेत्रमा महिलाप्रति हुने गरेको विभेद र उपेक्षाको चर्चा गरिएको छ । घोषणापत्रमा यस्तो विभेदबाट मुक्तिको निम्ति समुदाय तहदेखी सबैतहमा महिलाको समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने माँग गरिएको छ।

यस घोषणापत्रमा महिलाहरुमाथी हुने विभेद र उपेक्षाको कारण पितृसत्तात्मक सामाजिक संरचना तथा पुरुष वर्चस्वलाई मूख्य भनिएको छ, भने यस्को निम्ति सम्विधानका धाराहरुमा उल्लेखगरिए बमोजिम कानुन बनाएर महिलाको सम्पत्तिको हक, शिक्षा र आवासको हक तथा प्रत्येक तहमा समावेशी समानुपातिक प्रतिनिधित्वलाई मुक्तिको उपाय भनिएको छ। सरकारी वा गैरसरकारी संस्था (एनजीओ) मार्का कार्यक्रमहरुमा महिला समुदायमाथी हुने बहुआयामिक विभेद र उपेक्षाबाट मुक्तिको निम्ति सुझाइने यो रेडिमेड उपाय हो । प्रायः यस्ता कार्यक्रमहरुमा यस्तै निष्कर्ष निकालेर औपचारिकता पूरा गर्ने गरिन्छ। औपचारिकता किन भनियो भने महिला अधिकारको निम्ति देशभरी फिँजिएको सरकारी र एनजीओमार्का अधिकारकर्मी, सरकारी बजेट र संयन्त्र तथा राजनीतिक कार्यकर्ताहरुको उपस्थिति र कार्यक्रमका बावजूद राजनीतिक, आर्थिक र सामाजिकस्तरमा खासै परिवर्तन आएको देखिँदैन।

वस्तुतः महिला मुक्तिको प्रश्न त्यति सजिलोपनि छैन। नेपाल जस्तो अर्धसामन्ती संरचना तथा सर्वतोमुखी पितृसत्ता तथा पुरुषवर्चस्वको सामाजिक चिन्तन र ढाँचामा त यो झन् जटिल प्रश्न छ। नेपाली समाजमा नव साम्राज्यवादी सांस्कृतिक प्रचारले, पुरुषवादी वर्चस्वबाट महिलामुक्ति र स्वतन्त्रताको नाममा उपभोग र फेसनको रुपमा महिलालाई एकातिर बजारमा सौन्दर्य उपभोग्यवस्तु र प्रचारसाधनमा परिणत गरेर पुनः पुरुषत्वको यौनिक मनोवैज्ञानिक तुष्टिकरणको 'वस्तु' (कमोडिटी, माल)मा रुपान्तरित गरिदिएको छ ; भने अर्कोतिर धार्मिकता र परम्पराको मौलिकताको महिमामन्डन गर्दै अनेक विमर्शात्मक कसरत गर्दै पितृसत्तात्मक संरचनालाई यथावत् राख्न चाहन्छ। मधेशप्रदेशमा शहर होस वा गाउँ महिला अधिकार र पहिचानबारे धर्म, परम्परा तथा नवसाम्राज्यवादी बजारको उपभोक्तवादी तर्कको आधारमा निर्मित भाष्य झन् गम्भीर रुपमा देखिन्छ । तपाँई यसलाई महिलामुक्तिको यथास्थितिवादी तर्क भन्न सक्नु हुन्छ । यो विचित्रको गोलचक्कर हो, जस्मा महिला आन्दोलन अल्झेको छ। यस्मा यथास्थितिवादी राजनीतिक चिन्तनपद्धति तथा बौद्धिकवर्गले अहम् भूमिका खेल्छन्, जस्ले गुज्रेको इतिहासप्रति गर्व गर्छ, वर्तमानको सामाजिक, राजनीतिक र आर्थिक अन्तर्विरोध र द्वन्द्वहरुलाई निराशा र पतनमात्रमा हेर्छ , र मानवीय आधुनिक चेतनाबोध र अग्रगामिता (महिलाको अर्थमा प्रत्येक बन्धनबाट मुक्त र स्वतन्त्र पूर्ण मानवीय अधिकारसम्पन्न)लाई संशय र पतनको अर्थमा हेर्छ । यसैकारण आफुलाई उदार र आधुनिक भन्ने परम्परागत र यथास्थितिवादी बौद्धिक र राजनीतिक समुदायले फेसन, उपभोक्ता, बजारको स्वतन्त्रता, पुरुष वर्चस्व भएको नैतिकता, श्लीलता तथा परम्परागान भएको शिक्षा, तथा राजनीतिकरुपमा समावेशी समानुपातिकतालाई नै महिला अधिकारको सर्वोच्च प्राप्तिको रुपमा व्याख्या गर्छ। यसैकारण राज्यसत्ता, आर्थिक र सामाजिक सबै अवसरहरुमा (विशेषतः राजनीतिक तथा कर्मचारीतन्त्र) महिलाहरुको पूर्ण समानुपातिकको चर्चा कतैबाट हुँदैन, कसैले कुरापनि उठाउँदैन। आफूलाई महिलावादी भन्ने महिलाहरुले समेत पूर्ण समानुपातिकता तथा विशेष आरक्षणको माँग सार्दैनन्। यो माँग सार्ने हो महिलावादी

वर्तमानमा एउटा खतरनाक भ्रम नागरिक समाजको हो । यस नागरिक समाजले आफूलाई सडकमा अगुआको रुपमा अगाडी सार्छ, र जनअधिकारका प्रश्नहरुलाई यथास्थितिमा हल गर्न चाहन्छ । यी नागरिक समाजहरु वस्तुतः नगर शहरमा बस्ने मध्यम र निम्नमध्यमवर्गको उपरी शिक्षित हिस्सा हो, जस्ले सामाजिक प्रश्नहरु आफ्नो अर्थात् शहरी अर्थमा हल गर्न चाहन्छ, बाँकी ग्रामीण र श्रमजीविक्षेत्र हमेशा उपेक्षित हुने गर्छ । यस्को कारण के हो भने ग्रामीण र श्रमजीवि समुदायको दुःख धार्मिक परम्परा र राजनीतिक यथास्थितिमा लुकेको हुन्छ ।

संगठनहरुले सरकार र सामाजिक संरचनासंग सक्रिय आन्दोलन र संघर्ष गर्नुपर्ने हुन्छ ; र सरकारी रकममा संचालित सरकारी र एनजीओमार्का महिलावादी अधिकारकर्मी र संस्थाहरुले यस्तो गर्नु सम्भव नै छैन। उसले रोजीरोटी गुमाउनु पर्ने हुनसक्छ ! यसकारण यस्को निम्ति त महिलामुक्तिको वैचारिकताप्रति प्रतिबद्ध आन्दोलनी संगठन र सचेत कार्यकर्ताको आवश्यकता पर्छ।

अर्कोतिर शहरहरुमा नागरिक समाजको नाममा पूँजीवादी आधुनिक शिक्षित महिलाहरुको जमात छ, जस्ले सरकारी र एनजीओको यथास्थितिवादी स्टीरियोटाइप महिलाजनित तर्कहरु प्रचारित गर्छिन, जस्को चर्चा माथी गरिएको छ । यस्ले एकातिर सरकारको कन्जूस महिलावादी नीति र कार्यक्रमलाई बल पुऱ्याएर सत्तामा महिलाको निम्ति अवसर सीमित पार्छ, भने अर्कोतर्फ महिलावादी संकीर्ण, एकल र अविश्वासी तर्कको कारण पुरुषप्रति यान्त्रिक अविश्वास जन्माउँछ र महिलामुक्तिको साझा संघर्षबाट सचेत पुरुष समुदायलाई अलग्याउँछ । वस्तुतः दलित, मधेशी, लगायत जाति, क्षेत्र र लिंग, उत्पीडित समुदायहरुको मुक्तिसंघर्षमा पहिचान र अस्मिताको एकल र संकीर्ण तर्कहरुले साझा संघर्षलाई कमजोर पारेको छ ; र एकलरुपमा चलाइएका यी संघर्षहरु 'आन्दोलनको निम्ति आन्दोलन' वा राजनीतिक र आर्थिकस्वार्थको निम्ति चलाइएका औपचारिक संघर्षमा निष्कर्षविहीनता र उपलब्धिहीनतामा परिणत हुने गरेको तीतो यथार्थ हाम्रो सामु छ।

नेपाली समाज र विशिष्टरुपमा मधेसप्रदेशमा महिला समुदाय पछौटे राजनीतिक र आर्थिक चेतनाले गाँजिएकी छिन्, भने सामाजिक र सांस्कृतिक परम्पराहरुले उनीहरुलाई आर्थिक र सामाजिकरुपमा पुरुष आश्रित यस्तो शोषित श्रमिकमा परिणत गरिदिएको छ, जस्को मुल्यांकनको परम्परा नै छैन। शहरहरुमा शिक्षित समुदायमा आर्थिक र आधुनिक चेतनाको कारण महिलाको स्थिति आर्थिक र अधिकारको दृष्टिले महिलाशोषण तुलनात्मकरुपमा गाउँभन्दा कम देखिन्छ। तर बहुसंख्यक जनताबस्ने ग्रामीण क्षेत्रमा परम्परागत महिलाहरु सर्वतोमुखी शोषित छिन् । विडम्बना के छ भने उनीहरुमा यस पुरुष र पितृसत्तात्मक शोषणको न अनुभूति छ, न यसबारे कुनै चेतना छ। युगौंयुगदेखि पिता, पति र जीवनको उत्तरार्द्धमा पुत्रको आश्रयलाई धर्म, परिवार र समाजको नैतिक स्वभाव र भाग्य मान्ने र यस्को विरोध गरे पापलाग्ने, अधर्म र अनैतिक हुने, तथा पति परमेश्वरको सेवामा जीवन समर्पण गर्नु नै आफ्नो एकमात्र उद्देश्य भएको निर्दोष महिला समुदायको त्रासदी शहरको तुलनामा गाउँमा बढी छ।

वस्तुतः नेपालको शहरीकरण भैरहेपनि अहिलेपनि नेपालमा बहुसंख्यक मानसिकताको स्तरमा ग्रामीण र सामन्तवादी परम्परागत नै छ । अहिलेपनि हाम्रो समाजमा महिलाका विभूतिहरु रामायणकी सीता नै छिन्, जस्ले जीवनभरी पुरुषवर्चस्वको शोषण भोगी रहिन तर मौन रहिन्। उनको मनमा विद्रोह त जन्म्यो, तर उनले मुख खोल्नुभन्दा धर्तीमा समाउनु नै उचित ठानिन । यसलाई सीताको मौन विद्रोह भनिएपनि यसले सामाजिकस्तरमा पुरुष वर्चस्वको संरचनामा कुनै फरक परेन । सीताको यस त्रासद स्थितिप्रति मधेश प्रदेशमा मैथिलीमा एउटा भनाई छ –'सीताक जनम बिरोगे गेल, दुःख छोइड सुख सपनेहु नइँ भेल।' (सीताको जीवन त्रासदमै बित्यो, दुःख बाहेक सुख सपनामापनि भएन।) यद्यपि अहिलेको समाजमा पनि अशिक्षित तथा परम्परागत महिलासमाजको दुःख र अवस्था सीताभन्दा भिन्न छैन।

वर्तमानको आधुनिक राजनीतिक, वैज्ञानिक तथा सामाजिक चेतनाको स्तरमा सीताको यो असमान आदर्शवादिता अर्थहीन भैसकेको छ। तर धार्मिक परम्पराको मनोवैज्ञानिक मोह नै हो कि अहिलेपनि सीताजस्तो छोरीलाई आदर्शको रुपमा प्रस्तुत गरिन्छ। र, यसै निहुँमा शोषणयुक्त पितृसत्तात्मक र पुरुषवर्चस्वको राजनीतिक र सांस्कृतिक संरचनालाई दैवीय बनाउँदै कायम राख्ने प्रयत्न गरिन्छ । एउटा सहयोगी पत्नीको रुपमा सीताको आदर्शको महत्व हुनसक्छ, तर पतिले पत्नीलाई बराबरको हक दिएन भने यस्तो परम्परालाई स्वीकार्नु सोचको स्तरमा जड बाहेक अरु केही हुनसक्दैन।

हाम्रै परम्परामा घोषा, अपाला जस्ता वैदिक युगका स्वतन्त्र नारीहरुपनि छिन्, याज्ञवल्क्यको ज्ञानलाई एउटा सीमासम्म नै भएपनि चुनौती दिने गार्गीहरु जस्ता अतितका विभूतिहरु छिन्, तर यिनीहरु आदर्शको रुपमा प्रस्तुत गरिँदिनन्। यस्को एउटै कारण छ, यी महिला नायिकाहरुले मध्यकालमा निर्मित धर्म र परम्पराको मान्यतालाई भंग गर्छिन्।

वर्तमानमा बजार र उपभोक्तावादले आधुनिकता र स्वतन्त्रताको भ्रम दिएपनि सिनेमाकी नायिका, महिला खेलाडीहरु, सौन्दर्यप्रतियोगिता जीतेर आएकी मोडल सुन्दरीहरु तथा आर्थिक र भौतिक विलासी जीवन बिताइरहेकी धनाढ्य आइकनहरु र उनिहरुको भव्य जीवनलाई आदर्शको रुपमा अगाडी सार्छ, महिलामुक्तिको निम्ति प्रतिबद्ध र वैचारिक संघर्ष गर्ने उदाहरणीय पात्र पात्राहरुलाई उपेक्षा र ओझेलमा पार्ने गर्छ। बजार र विलासी ग्ल्यामरको चकाचौंधमा चमकदार यी आदर्श भनिनेहरु आ-आफ्नो क्षेत्रको आदर्शभएपनि यिनीहरुपनि मनोवैज्ञानिक र सामाजिक राजनीतिक चेतनामा परम्परागत नै हुन्छन् । तपाँई विचार गर्नु भयो भने महिला अधिकारको आन्दोलनमा यी बजारु आदर्शहरु कतै देखिँदैनन्। उल्टो यिनीहरु परम्परागत सत्ता र बजार तथा यथास्थितिको वकालत गरिरहेका पाइन्छन् । यद्यपि वर्तमानमा महिला अधिकारको निम्ति हुने सरकारी र एनजीओमार्का कार्यक्रमहरुमा यस्तै पात्रहरुलाई आकर्षणको रुपमा बोलाउने चलन छ।

यसकारण समाजमा महिलाको समानता तथा सबैप्रकारको शोषणबाट मुक्तिको प्रश्न एकातिर धार्मिक र परम्परागत होइन, मानवीय र आधुनिक चेतनाको प्रश्न हो भने, अर्कोतिर यो सांस्कृतिकभन्दा पनि उत्पीडित समुदाय र वर्गको साझा संघर्षको अर्थमा अर्थ राजनीतिक प्रश्न हो।

वर्तमानमा एउटा खतरनाक भ्रम नागरिक समाजको हो । यस नागरिक समाजले आफूलाई सडकमा अगुआको रुपमा अगाडी सार्छ, र जनअधिकारका प्रश्नहरुलाई यथास्थितिमा हल गर्न चाहन्छ । यी नागरिक समाजहरु वस्तुतः नगर शहरमा बस्ने मध्यम र निम्नमध्यमवर्गको उपरी शिक्षित हिस्सा हो, जस्ले सामाजिक प्रश्नहरु आफ्नो अर्थात् शहरी अर्थमा हल गर्न चाहन्छ, बाँकी ग्रामीण र श्रमजीविक्षेत्र हमेशा उपेक्षित हुने गर्छ । यस्को कारण के हो भने ग्रामीण र श्रमजीवि समुदायको दुःख धार्मिक परम्परा र राजनीतिक यथास्थितिमा लुकेको हुन्छ । उनीहरुको दुःखको मुक्ति नागरिक समाज होइन, मानवीय समाजले मात्र गर्न सक्छ। यस्तोमा नगर र शहर तथा समाजको अगुआ समुदायले पाउने राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक, सबैक्षेत्रमा समानता स्थापित न भएसम्म महिलामुक्ति सम्भव छैन। र, यो गाउँ, शहर तथा सबै उत्पीडित वर्ग र समुदायको साझा संघर्षबाट मात्र सम्भव छ। महिला अधिकारको क्षेत्रमा काम गर्नेहरुलाई चेतना होस, अधिकारको अन्य संघर्ष जस्तै महिलामुक्तिको संघर्षपनि अन्तिम अर्थमा राजनीतिक अर्थशास्त्रकै प्रश्न हो।

# सरकारको एक वर्षमा सूचना प्रविधिको सुरक्षित प्रयोग र विस्तार

नेत्र सुवेदी 'प्रयास'

वर्तमान सरकारले एक वर्ष पूरा गर्नैलाग्दा यस साता सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआई) सम्बन्धी अवधारणापत्रमा काम गरिरहेको छ। भविष्यका लागि एआइले उघार्ने सम्भावनालाई पहिचान गर्ने र प्रयोगमा ल्याउने विषय पक्कै पनि महत्वपूर्ण छ। विज्ञहरुको समेत सहयोगमा मन्त्रालयको आधिकारिक अवधारणा तयार हुन केही समय लाग्ला नै। खासगरी तथ्याङ्क प्रणाली र सूचना व्यवस्थापनमा एआइले दिनसक्ने शीघ्र गणना र विश्लेषणलाई सबैखाले कामहरुमा महत्वका साथ हेरिएको छ। च्याटजिपिटी, गुगल एआइलगायतका सर्च इञ्जिनहरु लोकप्रिय बनेका छन् भने एआइका अन्य औजारहरु पनि प्रतिस्पर्धाका साथ इन्टरनेट मार्केटमा देखापरेका छन्।

नामबाट पनि थाहा हुन्छ कि सूचना प्रविधिसम्बन्धी कार्य सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका समग्र कार्यहरुमध्ये एउटा प्रमुख पाटो हो । यसका लागि नीति तथा कानुन निर्माण तथा कार्यान्वयन, आवधिक योजनाका सोच, उद्देश्य र लक्ष्यहरुलाई वार्षिक कार्यक्रममार्फत कार्यान्वयनमा लैजाने काम मन्त्रालयले गर्दै आएको छ । मन्त्रालयभित्र सूचना प्रविधि महाशाखा र फ्रिक्वेन्सी व्यवस्थापन गरी दुई वटा महाशाखा क्रमशः सूचना प्रविधि र दूरसञ्चार प्रविधिसँग सम्बन्धित कार्यका लागि निरन्तर क्रियाशील रहेका छन् भने सूचना प्रविधि विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्र समेतले सूचना प्रविधिको विकास, नियमन र सार्वजनिक डाटाको सुरक्षित भण्डारणमा केन्द्रित भएर काम गर्दै आएका छन्।

केही आधार तयार भएका छन् र परिणाम पनि देखापरेका छन्। बितेको एक वर्षको अवधिमा केही काम सम्पन्न भएका छन् भने केही काम सम्पन्न हुने क्रममा छन् र केही हालसालै प्रारम्भ गरिएका छन् । केही काम भने सोचेजस्तो गरी अघि बढ्न सकेका छैनन्। कार्यसम्पादनमा केही संरचनागत र व्यवहारगत व्यवधानहरु छन्। यिनै बाधा अवरोधहरु छिचोलेर अघि बढ्नुपर्ने र आपसी समन्वय र विश्वासलाई सघन बनाउनुपर्ने पनि छ । सबैभन्दा पहिले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विगत एक वर्षमा सम्पन्न गर्न सकेका कामहरुका सम्बन्धमा चर्चा गरौं।

राष्ट्रिय साइबर सुरक्षा नीति तयार भई २०८० साउन २३ गतेको मन्त्रिपरिषदको निर्णयबाट पारित भई कार्यान्वयनमा आएको छ । यो नीतिले साइबर कानुन बन्नुपर्ने र एउटा स्वतन्त्र एवम् विज्ञ सम्मिलित संरचनाको रुपमा साइबर सुरक्षा केन्द्र स्थापनाको समेत परिकल्पना गरेको छ। कानुन निर्माण र केन्द्र स्थापनाका लागि तयारीका कामहरु भैरहेका छन् । त्यसो त साइबर सुरक्षाका लागि सेक्युरिटी अपरेसन सेन्टर पनि मन्त्रालयभित्र नै ७/२४ नै सञ्चालित छ। सरकारी वेबसाइट र सूचना प्रविधि प्रणालीहरुमा देखिन सक्ने साइबर सुरक्षासम्बन्धी जोखिमहरुको निगरानी, प्रविधिगतरुपमै अनुगमन गरी जोखिम देखापरेमा सो को समाधानको पहल गर्ने कार्य यो सेन्टरले गरिरहेको छ। साइबर सुरक्षा केन्द्र सञ्चालनमा आएपछि यसको काम पनि सोही केन्द्रमा समायोजन हुनेछ।

सूचना प्रविधि महाशाखाले डिजिटल नेपाल फ्रेमवर्कसम्बन्धी कामको पनि संयोजन गरिरहेको छ। आठ वटा क्षेत्रका ८० वटा पहल गरिने भनेर झण्डै पाँच वर्षअघि घोषणा भए तापनि फ्रेमवर्कको परिचय तथा कार्यान्वयन कार्ययोजना प्रकाशन नहुनु, हरेक वर्ष कार्यक्रम राखिनु सबल पक्ष भएपनि राखिएका कार्यक्रमहरु प्रष्ट नतिजा देखिनेगरी कार्यान्वयन हुन नसक्नु कमजोरीका रुपमा देखिएका छन् । त्यस्तै धेरै निकायहरुबीचको समन्वय नै चुनौतीको विषय बन्नु यस फ्रेमवर्कको कमजोरी पक्ष भएको छ । समयको गतिसँगै डिजिटल नेपाल फ्रेमवर्कलाई समसामयिकरुपमा अद्यावधिक गरिने क्रममा छ भने त्यसरी अद्यावधिक गर्नका लागि विश्व बैंकको सहयोग लिएर डिजिटल नेपाल एक्सिलरेसन प्रोजेक्ट अगाडि बढाइँदै छ।

सूचना प्रविधिकै क्षेत्रमा भएको अर्को काम भनेको सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को तर्जुमा र कार्यान्वयन पनि हो । सामाजिक सञ्जाल प्लेटफर्महरुलाई नेपालमा सञ्चालन गर्नका लागि सूचीकृत हुनुपर्ने भनेर तीन महिना अवधिको सूचना प्रकाशित भइसकेको छ भने सामाजिक सञ्जाल व्यवस्थापन इकाइले आफूलाई तोकेका कामहरु प्रारम्भ गरिसकेको छ। निर्देशिकाले स्वनियमनका विषयहरु समाविष्ट गरेको भए तापनि सामाजिक सञ्जाल प्लेटफर्महरुको दर्ता नवीकरण गर्ने, कन्टेन्ट मोडरेसन एवं सम्भावित कसुर परिभाषित गर्ने, उजुरीउपर अनुसन्धान, अभियोजनजस्ता सारभूत विषय समेटेर कानुन बनाउनुको विकल्प छैन । यही विषयलाई मध्यनजर गरी कानुनको मस्यौदा तयार हुँदैछ। यसैगरी, फ्रिक्वेन्सी व्यवस्थापन नीति, २०८० पनि तर्जुमा भई कार्यान्वयनमा आएको छ। विगतमा मस्यौदा भै प्रतिनिधिसभामा पुगेर पुनः पेश गर्नुपर्ने अवस्थामा पुगेको सूचना प्रविधि विधेयकलाई नयाँ ढङ्गले तयार गर्ने काम भैरहेको छ भने दूरसञ्चार विधेयकको मस्यौदा पनि तयार हुँदैछ।

सूचना प्रविधि विधेयकको मस्यौदामा विद्युतीय हस्ताक्षरका विषय, सूचना प्रविधिको विकास र मापदण्डका विषय, सेवा प्रवाहलाई सूचना प्रविधिसँग जोड्ने विषयलाई समेट्नुको साथै साइबर सुरक्षा र डेटा सेक्युरिटीका आधारभूत विषयलाई समेत समेटेर अन्तिम रुप दिने काम भैरहेको छ। वेबसाइटमा नयाँ फिचरहरु थप गर्ने क्रममा "मन्त्रीसँग भर्चुअल सम्बाद" (मिट योर मिनिस्टर) नामक अन्तरक्रियात्मक फाराम पनि प्रयोगमा रहेको छ । सामाजिक सञ्जालसम्बन्धी गुनासो सम्बन्धित प्लेटफर्म सञ्चालकले सुनुवाइ नगरेको आधारसहित मन्त्रालयमा अनलाइन गुनासो गर्न सकिने वेबसाइटमा 'अपलोड' गरिने समेत अन्तिम चरणमा रहेको छ । मन्त्रालयको प्रवेशद्वारसँगै भएगरेका कामहरु देखिने डिस्प्ले टिभी पनि प्रयोगमा रहेको छ। साबिकदेखि सञ्चालनमा रहेका संरचनाहरुलाई के कसरी वैज्ञानिक र प्रभावकारी तुल्याउन सकिन्छ भन्ने कोणबाट सङ्गठन पुनसंरचनाका कामहरु पनि हुँदैछन्।

सूचना प्रविधिको प्रयोगको अवस्था सम्बन्धमा जानकारी लिनका लागि कुनै पनि देशको इ-रेडिनेस इन्डेक्स, इपार्टिसिपेसन इन्डेक्स र इ-गभर्नेन्स डेभलप्मेन्ट इन्डेक्स हेर्न सकिन्छ। नेपालको इ-गभर्नेन्स डेभलपमेन्ट इन्डेक्स १०० मा ५१ हाराहारीमा पुगेको छ। यसले दूरसञ्चार पूर्वाधार, सार्वजनिक सेवासँग सूचना प्रविधिको आवद्धता र मानवीय सक्षमतालाई विश्लेषण गर्ने हुँदा यी तीनवटै आयाममा सुधार हुँदा मात्र सूचकमा देखिनेगरी सुधार सम्भव हुन्छ। नेपाल सरकारका सबै तहका सरकारी संयन्त्रहरुले प्रयोग गर्न सक्ने सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (न्क्षःक) तथा वेबसाइट टेम्प्लेटमा सुधार एवम् विस्तार गर्दै जाने, सूचना प्रविधि प्रणालीहरुको अनुगमन गर्ने प्रणालीबाट जोखिमको निगरानी बढाउने, ग्रुप एसएमएस सेवा, विद्युतीय हस्ताक्षरसम्बन्धी कार्य, नागरिक एपमा सेवाहरु आवद्ध गर्दै जाने विषय, सफ्टवेयर तथा हार्डवेयर भेटिङ्गको सबाल, डेटा सेन्टरलाई रिकभरी सुविधा र क्लाउड सुविधासहित पूर्णरुपमा सञ्चालन गर्ने कार्यसूचीमा समेत मन्त्रालय र विभागले महत्वका साथ कार्य गरिरहेको छ । साइबर सुरक्षामा देशकै अवस्था जान्नको लागि ग्लोबल साइबर सेक्युरिटी इन्डेक्सको स्कोर हेर्न सकिन्छ। नेपालको स्कोर सन् २०२२ मा १०० मा ४४.९९ छ भने राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ले आगामी १५ वर्षमा यो स्कोर ८० पुऱ्याउने महत्वाकाङ्क्षी लक्ष्य राखेको छ।

### सूचना प्रविधिको सम्भावना र नतिजा

गर्नुपर्ने र नतिजामा पुग्नुपर्ने धेरै सवालहरु छन् । मन्त्रालय र मातहत निकायमा प्रयोगमा रहेका सूचना प्रविधि प्रणालीबीच अन्तर आबद्धतालाई पूर्णता दिई अन्य निकायका लागि उदाहरण बन्न सक्नुपर्दछ। डिजिटल डिभाइडलाई के कसरी कम गर्न सकिन्छ भन्ने विषयलाई गम्भीरताका साथ लिइनुपर्दछ। सरकारी कामकाजमा के कसरी सूचना प्रविधि उत्प्रेरक र सहयोगी बन्न सक्छ भन्ने कोणबाट सूचना प्रविधि इकोसिस्टम निर्माण गर्ने गरी एक निरन्तर क्रियाशील कार्यटोली नै प्रयोगमा ल्याउनुपर्ने देखिन्छ। विज्ञको संलग्नता र परामर्श बढाउँदै लगिएको भए तापनि एउटा कार्यविधि समेतका आधारमा रोष्टर तयारी गर्ने र नीति बहसहरुमा संलग्न गर्ने विषयलाई व्यवस्थित गर्न सकिन्छ। त्यस्तै गुणस्तर कायम गर्न र साइबर जोखिमलाई घटाउन सूचना प्रविधि प्रणालीको सुरक्षा जाँचसम्बन्धी सफ्टवेयर एवम् हार्डवेयरको भेटिङ्गसम्बन्धी कार्यलाई मापदण्ड बनाएर लागू गर्नुपर्ने देखिन्छ। यो कार्य प्रारम्भ भए पनि अन्तिम रुप पाएको भने छैन।

निजी क्षेत्रको इन्टरनेट सेवाप्रदायक मर्कन्टाइल प्रालिले हालसम्म सञ्चालन गरिरहेको डटकमडट एनपीको सुरक्षित व्यवस्थापनका लागि मन्त्रालयको संलग्नता र लगानी रहने मोडल सम्बन्धमा केही कार्यहरु बाँकी छन् । डिजिटल हस्ताक्षरको महत्व र उपादेयता सम्बन्धमा पैरवी गर्दै यसको प्रयोग बढाउन र सुरक्षित इ-गभर्नेन्सका लागि माध्यमको रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ। बढ्दो साइबर स्पेस सँगै घट्न सक्ने साइबर आक्रमणका घटनाबाट बच्नका लागि साइबर हाइजिनका सबैखाले प्रबन्ध गर्न ढिला गर्नु हुँदैन। सूचना प्रविधिको प्रयोग बढ्दै जाने जोखिम पनि बढ्ने तर सूचना प्रविधि जनशक्ति संलग्न रहने सेवा भने पहिचानविहीन हुनु कुनै पनि हालतमा युक्तिसङ्गत हुँदैन। तसर्थ निजामती सेवामा सूचना प्रविधि सेवा थप गर्ने र बजारको विज्ञ जनशक्ति समेत प्रयोग गर्न सक्ने गरी हाइब्रिड संरचनामार्फत काम हुनु उपयुक्त हुन्छ । विभागको दरबन्दी संरचनामा पुनरावलोकन गरी हाल विस्तार भएका समेतका कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्नु आवश्यक छ।

सूचना प्रविधि तथा दूरसञ्चार सेवाका विषयहरु परस्पर विरोधी रुचिसमूह संलग्न हुने र बजार शक्तिको समेत सधैं चासो हुने त छँदैछ तीव्र परिवर्तन हुने हुँदा संवेदनशील पनि भएबाट यसको सही व्यवस्थापन आफैंमा चुनौतीपूर्ण समेत छ। त्यस्तै अन्य क्षेत्रहरुमा पनि सूचना प्रविधि र न्यू मिडियाको प्रत्यक्ष प्रभाव परेको महसुस भएकाले कार्यरत जनशक्तिलाई सूचना प्रविधिसम्बन्धी विषयमा नियमितरुपमा अद्यावधिक गरिरहनुपर्ने देखिन्छ। बजारमा विकसित अवधारणालाई उपयुक्त ढङ्गले सरकारी संरचनामा प्रवेश गराउने र कार्यसम्पादनस्तरमा सुधार ल्याउनका लागि परिपूरक भूमिका रहने सदस्यहरुसहितको कार्यटोली प्रयोगमा ल्याउन जरुरी हुन्छ।

### डिजिटल नेपालको सपना

सूचना प्रविधि महाशाखाअन्तर्गतकै इन्जिनियर वर्षको उत्कृष्ट कर्मचारी घोषित हुनु, एकपछि अर्को नवीन समस्याहरुले नवीन समाधानको माग गर्नु र एआईको सदुपयोग गरी थप नयाँ सम्भावनाको क्षितिज उघार्नुपर्ने अवस्थामा नेपालमा सूचना प्रविधिको प्रयोगलाई स्तरीय र सुरक्षित गराउन मन्त्रालयको भूमिकालाई कम आँकलन गर्नु गल्ति हुन जान्छ । खासगरी विदेशमा सिकेका ज्ञान सीप र अनुभवलाई मन्त्रालयको सान्दर्भिक टिममा साझा गर्ने कार्यसंस्कृति विकसित गर्न ढिलाइ भइरहेको अनुभूत हुन्छ । त्यस्तै भारतले 'डिजिटल इण्डिया' को अवधारणालाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको सन्दर्भमा नेतृत्व, स्रोत साधन र समयका दृष्टिले पनि डिजिटल नेपालको विषयले ध्यानाकर्षण पाउनुपर्ने देखिन्छ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई पुनरावलोकन गर्नुपर्नेछ। सूचना प्रविधिसम्बन्धी कार्यहरुमा प्रदेश तह र स्थानीय तह आफैंले गर्न सक्ने र सङ्घीय तहबाट सहजीकरण हुनुपर्ने कामहरुका सम्बन्धमा स्पष्टता आवश्यक छ । प्रत्येक प्रदेशमा एक डेटा सेन्टर स्थापना गर्ने र ती सबै डेटा सेन्टरबाट सङ्घीय तहमा आवश्यक विवरण वा प्रतिवेदन प्राप्त गर्ने खालको सशक्त प्रणाली सम्बन्धमा पनि स्पष्ट खाकासहित कार्यप्रारम्भ गरिनु पर्दछ। नतिजा पाउन टाढा जान पर्दैन, भारतले अपनाएको गति शक्ति परियोजनाले सबै स्थानबाट तथ्याङ्कको जियोलोकेसन सहितको विवरण जम्मा पार्ने काम गरिरहेको छ। त्यसबाट सिक्न र नेपालमा समेत अपनाउन सकिन्छ ताकि जुनसुकै निर्णय गर्दा वा योजना लागू गर्दा स्पष्ट आधार बन्न सक्छ। आगामी समय थप अग्रगमन र प्रभावकारी कार्यसम्पादनका लागि हुने आशा राखौं।

# सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउनुपर्छ : देउवा




**टुडे समाचारदाता**

दमौली । नेपाली काँग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउनुपर्ने बताएका छन् ।

नेपाली काँग्रेस तनहुँले सोमबार यहाँ आयोजना गरेको जिल्ला सम्मेलन तथा भवन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै देउवाले गणतन्त्रको विकल्प नभएको बताए ।

सभापति देउवाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सहकार्य र समझदारी अहिलेको आवश्यकता रहेको औँल्याए । देशको प्रमुख समस्या अशिक्षा, गरिबी र भ्रष्टाचार भएकाले यसको अन्त्यका लागि काँग्रेस, एमाले र माओवादी मिल्नुपर्नेमा उनले जोड दिए ।

तीन दलबीचको एकताबाट मात्र मुलुक समृद्ध हुने बताउँदै उनले भने, "विस्तृत शान्ति सम्झौतादेखि हालसम्म भएका उपलब्धि तीन दलको एकताले भएको हो । त्यो एकता अझै आवश्यक छ ।"यसअघि

> देउवाले पार्टीलाई बलियो बनाउन पार्टीभित्र समझदारी र एकताको खाँचो रहेको पनि बताए । उनले भने, "पार्टीलाई बलियो बनाएर अघि जानुपर्छ । तबमात्र देशको ठूलो र शक्तिशाली पार्टी बन्न सकिन्छ" ।

सुदृढ बनाउनका लागि दलबीच सहमति र सहकार्यको आवश्यकता रहेको औँल्याए । देउवाले पार्टीलाई बलियो बनाउन पार्टीभित्र समझदारी र एकताको खाँचो रहेको पनि बताए । उनले भने, "पार्टीलाई बलियो बनाएर अघि जानुपर्छ । तबमात्र देशको ठूलो र शक्तिशाली पार्टी बन्न सकिन्छ ।" सभापति देउवाले अहिलेको संविधानका कारण एउटै पार्टीको बहुमत आउने अवस्था नरहेकाले चुनावमा गठबन्धन गरेर जानुपरेको दाबी गरे ।

उनले भने, "संविधान समावेशी छ । संविधानका कारण एउटै पार्टीको बहुमत आउँदैन । गठबन्धन गरेर जाँदा काँग्रेस ठूलो शक्तिका रुपमा निर्माण गर्न सकिन्छ ।"कार्यक्रममा काँग्रेस उपसभापति एवं कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री धनराज गुरुङले सहमति, सभापति देउवाले काँग्रेस तनहुँको नवनिर्मित भवनको उद्घाटन गरेका थिए । नेपाली काँग्रेस तनहुँले निर्माण गरेको सो भवनको सभापति देउवाले शिलालेख अनावरण गरी उद्घाटन गरेका छन् ।

पूर्वमहामन्त्री डा शशांक कोइराला, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, केन्द्रीय सदस्य शङ्कर भण्डारी, प्रदीप पौडेल, गोविन्द भट्टराई लगायतको सहभागिता छ ।

चन्दादाताबाट रकम सङ्कलन गरी भवन निर्माण गरिएको हो । करिब ५ दुई करोड लागतमा भवन निर्माण गरिएको जिल्ला सभापति जितप्रकाश आलेले जानकारी दिए ।

आठ आना क्षेत्रफलमा फैलिएको भवन चारतलाको छ । सो अवसरमा सभापति देउवाले भवन निर्माणका लागि सहयोग गर्ने चन्दादाताहरुलाई सम्मान पनि गरेका छन् ।

# संसद्को एक वर्षको अभ्यासबाट म सन्तुष्ट छैन – सांसद श्रेष्ठ

**टुडे समाचारदाता**

काठमाण्डु । "मेरो संसद् प्रवेशको एक वर्ष कार्यकालमा जनतासँग वाचा गरेका योजना कार्यक्रम यति गरेँ भनेर म सन्तुष्ट छु भन्ने ठाउँ छैन", सांसद शान्ति श्रेष्ठले भनिन्, "आफैँले आफैँलाई समीक्षा गर्नुपर्दा मेरो संसद्को वर्षदिनको अभ्यासमा मैले जनतामाझ गरेका प्रतिबद्धता पूरा गर्न सकिनँ, त्यसैले जनतासँग माफी माग्नैपर्छ ।"

सांसद श्रेष्ठलाई जस्तै धेरै सांसदलाई यस्तो पछुतो लागेको छ । कतिपय सङ्घीय संसद्को एक वर्षको अवधिमा सांसदले जनतामाझ गरेका वाचा र मुलुकको आवश्यकताका खातिर गर्नुपर्ने काम, बन्नुपर्ने कानुन र हुनुपर्ने विकास निर्माणका काम सांसदकै भनाइमा हुन सकेका छैनन् । उनीहरुकै शब्दमा अतिआवश्यक ऐन, कानुन बन्न विलम्ब भएको छ । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा आशातित परिणाम देखिएको छैन ।

यद्यपि, मुलुकको आर्थिक समृद्धि, सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण र जनताको सेवालाई चुस्त र प्रभावकारी बनाउने महाभियानमा वर्तमान सरकार लागिपरेको छ । हुनत: जादुको छडीझैँ चमत्कार भइहाल्छ भन्ने पनि छैन । सांसद श्रेष्ठले पनि हिम्मत हारेकी छैन । मडारिएको बाँदलभित्र चाँदीको घेराझैँ नेपालभित्र क्षितिजमा सम्भावना पनि प्रशस्तै छन् । चुनौतीका चाङलाई सामना गरेर समृद्धिको जनआकाङ्क्षा पूरा गर्नेतर्फ लाग्नु सरकार, राजनीतिक दल, नेता र आमजनताको सामूहिक राष्ट्रिय दायित्व र अपरिहार्यता पनि हो । यिनै जिम्मेवारीबोधका साथ सांसदले आगामी दिनमा आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाएर लैजानुपर्ने आवश्यकता रहेको सांसद श्रेष्ठले बताइन् ।

नेकपा (एमाले)की नेत्री श्रेष्ठले भनिन्, "मेरो अनुभवमा सांसदको भूमिका कानुन निर्माणमा बढी ध्यान दिनुपर्ने रहेछ । तर, यो मुख्य दायित्वसँगै जनताका आवश्यकताअनुरुप विकास निर्माणमा पनि जोडिनैपर्ने बाध्यता छ ।" समानुपातिक सांसदको रुपमा सङ्घीय संसद् प्रवेश गरेकी सांसद श्रेष्ठ काठमाडौँ गोकर्णेश्वर वडा ६ की स्थायी बासिन्दा छन् । उनी विसं २०५४ देखि राजनीतिमा सक्रिय छन् । विसं २०४२ मा अखिल नेपाल महिला सङ्घ सदस्य, विसं २०५४ को स्थानीय निर्वाचनमा गोकर्णेश्वर नपा वडा ३ को सदस्यमा निर्वाचित भए । विसं २०५७ मा अनेमको जिल्ला समिति सदस्य हुँदै अनेम सङ्घको छैटौँ काठमाडौँ जिल्ला सम्मेलनबाट अध्यक्ष बनिन् । विसं २०६१ मा पार्टी जिल्ला कमिटी सदस्य, २०६३ मा पार्टीको महाधिवेशन प्रतिनिधि,



२०७० मा राष्ट्रिय प्रतिनिधि परिषद् र २०७७ देखि प्रदेश बालअधिकार समिति सदस्यको जिम्मेवारी सम्हालिन् । त्यस्तै, विभिन्न समयमा भएका महिला अधिकारसम्बन्धी आन्दोलन, विसं २०६२/०६३ को जनआन्दोलनमा सक्रिय भूमिका खेल्नुभएकी नेत्री श्रेष्ठ पटक-पटक गिरफ्तार र थुनामा परे ।

सङ्घीय संसदमा प्रतिनिधि भएको एक वर्ष पूरा हुँदै गर्दा संसदीय अभ्यासमा धेरै सांसद अलि कति आफ्नो कार्य क्षेत्रमा व्यस्त हुने, विकासका काममा बढी खट्ने गरेको सञ्चारमाध्यममा आउने गरेको छ । नेत्री श्रेष्ठ भन्छिन्, "कानुन बनाउन केन्द्रित हुनुपर्ने सांसद विकास निर्माणमा सक्रिय भए भन्ने जुन कुरा मिडियामा आएको छ, यो मलाई स्वभाविक लाग्छ । किनभने विकासको लागि पनि सांसदले घोषणापत्रअनुरुप बोलिरहनुभएको हुन्छ । म तिम्रो यो काम गर्दिन्छु, त्यो काम गर्दिन्छु । सडक, खानेपानीलगायतका विषय सम्बोधन गर्छु भनेर मत मागिएको हुन्छ ।"

उनले कानुन निर्माण र जनताको आकाङ्क्षाअनुरुप काम गर्नु सांसदको प्रमुख दायित्व भएको उल्लेख गरे । "विभिन्न समुदाय र वर्गले उठाएका जायज मागलाई सम्बोधन गर्ने गरी कानुन निर्माण गर्नुपर्ने हाम्रो मूल दायित्व हो । तर अहिले संसदा दर्ता भएका ४२ वटा विधेयकमध्ये एक मात्र विधेयक पारित भएको छ, र एउटा मात्र विधेयकले कानुनको रुप लिएको छ ।"

सांसद श्रेष्ठले सांसदहरुको भूमिका सबैभन्दा बढी संसद् र संसदीय समिति नै हुनुपर्ने भन्दै कानुन निर्माण र संविधानमा व्यवस्था भएको जनताको मौलिक हकलाई कार्यान्वयन गर्न आफूहरु प्रतिबद्धताका साथ लाग्ने दृढता जनाए । उनका अनुसार सांसदलाई जनताले निर्वाचित गरेर पठाएको पनि संसद्मा उपस्थित भएर जनसरोकारको विषय उठाउन र कानुन निर्माणमा जनताका कुरा घनिभूत छलफल गर्न जिम्मेवारी दिएको हो । "हामीले विशेष गरी सदन र समितिमै ध्यान दिनुपर्ने हो, म आफूचाहिँ सदन र समितिमा नै बढी समय व्यतीत गरिरहेकी छु । अबको दिनमा पनि जनताको पक्षमा आवश्यक कानुन बनाउन केन्द्रित हुनेछु", उनले भने ।

सङ्घीय राजधानी काठमाडौँको जनप्रतिनिधि भएको नाताले पनि राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसम्बन्धी नयाँ कानुन निर्माणबारे हालैमात्र छलफल गरेको उनले स्मरण गरे । विसं २०२९ मा बनेको कानुनबाटै निकुञ्जको व्यवस्थापन भइरहेको भन्दै उनले पुरानो कानुनलाई परिस्कृत गर्न लागिएको उल्लेख गरे । उनले भनिन्, "कानुन परिस्कृत गर्न हामी सांसद लागिपरेका छौँ । जनतालाई पनि प्रभावित पार्नुभएन । वन्यजन्तु पनि प्रभावित हुनुभएन । विधेयकमा म सहित धेरै सांसदको संशोधन परेको छ ।"

देशलाई अहिलेको अवस्थाबाट अगाडि लैजान सबै राजनीतिक दलहरु एक ठाउँमा उभिनुपर्ने आवश्यकता रहेको सांसद श्रेष्ठको भनाइ छ । "सबै राजनीतिक दल मिलेर मात्रै देश बन्छ । अहिलेको परिस्थिति बेग्लै छ । जनमत पनि सबै मिलेर सरकार चलाउनु भन्ने छ । तर, त्यसो हुन सकेको छैन", उनले भनिन् ।

एमाले नेत्री श्रेष्ठले आफ्नो पार्टी प्रतिपक्षमा रहेको तर, जनताको पक्षमा निरन्तर बोलिरहेको दाबी गरिन् । उनले भनिन्, "एमाले प्रतिपक्षमा छ । जनताको पक्षमा बोलिरहेको छ, काम पनि गर्छ । मध्यपहाडी लोकमार्गलगायतको अधुरो काम पूरा गर्न र जनआकाङ्क्षा पूरा गर्न सरकार र सबै राजनीतिक दल एकताबद्ध भएर जानुपर्ने टड्कारो आवश्यकता छ ।"

भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्न अघिल्लो सरकार र वर्तमान सरकारले नारा अघि बढाएकै छन् । सांसद श्रेष्ठको अनुभवमा राजनीतिक दलले भनेर मात्रै भ्रष्टाचार नियन्त्रण नहुने रहेछ । प्रशासनिक संयन्त्रले उत्तिकै सक्रियता जनाउन जरुरी छ । मन्त्रालय र हरेक सरकारी निकायमा भ्रष्टाचार गर्दिनँ भन्ने सन्देश कार्यालय र कोठा चोटामा लेखिएको छ । तर, ती कर्मचारी संयन्त्रले भ्रष्टाचार न्यूनीकरणका लागि कति प्रयास गरेका छन् ? यो सोचनीय विषय हो । "जो कुर्सीमा बस्छ, त्यसले कार्यान्वयन गर्नुपर्छ । 'ब्युरोक्रेसी' मा राजनीतिक दलले नारा मात्र भनेर नहुँदो रहेछ । नारामा कार्यालय, भन्साड, कोठा जहाँतहीँ नारा छन् तर भ्रष्टाचार मौलाइरहेको छ ।"

श्रेष्ठका अनुसार भ्रष्टाचार मौलाउनुमा घुस दिने र लिने दुवै दोषी हुन् । आर्थिक क्षेत्र सुस्त छ, विकास निर्माणले गति लिएको छैन । जनताको करबाट तलब खाने राष्ट्रसेवक कर्मचारीले भ्रष्टाचार जस्तो अपराध र पाप कर्ममा प्रोत्साहन गर्न नहुने सांसद श्रेष्ठले बताइन् । अहिले स्थानीय तहदेखि प्रदेश र सङ्घमा पनि विभिन्न भ्रष्टाचारका विषय आइरहेको भन्दै राष्ट्रसेवकले जनताको पक्षमा काम गर्नुपर्ने धारणा राखिन् ।

सांसद श्रेष्ठले आर्थिक र गरिबीका कारण युवापुस्ता विदेश पलायन भइरहेको र धनी परिवार पनि सम्पत्ति बेचेर विदेश बस्ने प्रवृत्ति बढिरहेको भन्दै नागरिकलाई स्वदेशमै बसेर राष्ट्रको उत्थान र प्रवर्द्धनमा जुट्न प्रेरित गरि नुपर्ने खाँचो औँल्याइन् । उनले भनिन्, "विदेशिने लहर चलेको छ, कतिपय बाध्यता पनि छन् । मेरो विचारमा नेपाली भएर जन्मिएपछि विदेश हैन स्वदेशमै सेवा गरौँ राष्ट्रलाई माया गरौँ भन्ने भावना आमनेपालीमा हुनुपर्छ । पढेलेखेका बुद्धिजीवी पनि विदेश पलायन भइरहेका छन् । आर्थिक अवस्थाका कारण श्रमका लागि खाडीमुलुकमा जानुपर्ने अर्को बाध्यता छँदैछ ।"

सांसद श्रेष्ठको भनाइमा नेपालको सगरमाथासहितका हिमाल, अनुपम प्राकृतिक सुन्दरता, भौगोलिक विविधतायुक्त मुलुकलाई माया गर्नेको खाँचो छ । "पढेलेखेका मानिसले विदेश ताक्ने हैन स्वदेशमै बसेर राष्ट्र निर्माणमा जुट्नुपर्छ । विदेशमा हासिल गरेको ज्ञान, सीप र पुँजी नेपाल भित्र्याउनसके भावी पुस्ता र सन्ततिलाई राम्रो हुन्छ", उनले भनिन् । सांसद श्रेष्ठले समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य र सपनालाई साकार पार्न आम नेपाली सक्रिय भएर लाग्नुपर्ने बताइन् । सरकारले हालको अवस्थालाई सुधार गरेर नेपाली जनतालाई राहत दिनुपर्ने उनले सुझाइन् ।

सांसद श्रेष्ठले एघार महिना संसद्मा जनताका लागि उठाएका योजनाबारे बारम्बार कुरा उठाउदाँ पनि पूरा हुन नसकेकामा आफैँलाई दुःख लागेको गुनासो गरिन् । उनले भनिन्, "जनताको काम गर्ने जोश र हुटहुटी थियो ममा । जनतालाई अलिकति सेवा दिनसके राहत मिल्छ । सहरको भए पनि दुर्गम क्षेत्रमा केही उदाहरणीय काम गर्नुपर्छ भन्ने मेरो उद्देश्य र प्रतिबद्धता थियो । तर, त्यो पूरा हुन नसकेकामा आफैँलाई दुःख लागेको छ ।"

सांसद श्रेष्ठले काठमाडौँको सुन्दरीजल राष्ट्रिय निकुञ्जमा सवारी साधन आवतजावत र नागरिकलाई सहजरुपमा हिँडुलका लागि पहल गरिरहेको बताइन् । महिला सशक्तीकरण, साक्षरता अभियान, महिला विद्यालय र समाज सेवासम्बन्धी काम गरेकी सांसद श्रेष्ठले आगामी दिनमा महिला सशक्तीकरण, गरिबीको रेखामुनि रहेका महिलाको जीवनस्तर उकास्ने, शिक्षा प्रणालीको सुधारलगायत विषयमा काम गर्ने प्रतिबद्धता जनाइन् ।

# भुइँ मान्छेको पक्षमा स्वास्थ्यमा सुधार

**पदमराज जोशी**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले एक वर्ष पूरा गरेको भएको छ । यस अवधिमा मुलुकको स्वास्थ्य क्षेत्रमा सुधारका थुप्रै प्रयास सुरु भएका छन् । खासगरी विकृति, विसङ्गति र बेथितिको दलदलमा भासिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको साढे सात महिनाअघि मोहनबहादुर बस्नेतले जिम्मेवारी सम्हालेपछि थालिएका ती प्रयासले विपन्न र स्वास्थ्यको पहुँचभन्दा टाढा रहेका नागरिकमा आशा पलाएको छ । पैसाको अभावमा कुनै पनि नेपाली नागरिकले उपचार नपाएर मृत्युवरण गर्नु पर्दैन, स्वास्थ्य मन्त्रीका हैसियतले त्यसको जिम्मेवारी मैले लिन्छु भन्ने उद्घोषका साथ मन्त्रालयको बागडोर सम्हालिरहनु भएका बस्नेतले संविधानले प्रत्याभूत गरेको नागरिकको स्वास्थ्य अधिकारका पक्षमा थुप्रै सुधारका काम थालनी गर्नु भएको छ ।

देशभरिका सरकारी, सामुदायिक र सबै निजी अस्पतालहरुले आफ्नो कुल शैयाको १० प्रतिशत शैयामा विपन्नलाई निःशुल्क उपचार गराउनु पर्ने नियमलाई कडाइका साथ लागू गरिएको छन् । यो नियम पुरानै भए पनि व्यवहारमा लागू हुन सकेको थिएन । विपन्नको परिभाषाको अलमलमा निजी अस्पतालहरुले यसको कार्यान्वयनमा अटेरी गर्दै आएका थिए । स्थानीय पालिकाका वडाध्यक्षले विपन्न भनी सिफारिस गरेका व्यक्तिलाई १० प्रतिशत शैयामा निःशुल्क उपचार दिनै पर्ने मन्त्रालयको निर्देशन छ । यसबाट विपन्न र आर्थिक अवस्था कमजोर भएका बिरामीले उपचार सेवा सहजै प्राप्त गर्ने वातावरण बनेको छ ।

यतिमात्र होइन, स्वास्थ्य मन्त्रालय मातहत सञ्चालित केन्द्रीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानका तीन हजार ५२३ वटा जनरल बेड विपन्नका लागि निःशुल्क गरिएका छन् । प्रदेश मातहतका सरकारी अस्पतालहरुका जनरल बेड समेत विपन्नका लागि निःशुल्क बनाउने अभियान सफल पार्न सबै प्रदेशका स्वास्थ्य मन्त्रीहरुसँग आग्रह गरिएको छ । मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशले आफू मातहतका सरकारी अस्पताल र प्रतिष्ठानहरुका जनरल बेड निःशुल्क गरिसकेका छन् भने बाँकी रहेका तीन वटा प्रदेशलाई यो अभियानमा सहमत गराउन प्रयास भइरहेको छ ।

शक्ति केन्द्रको आडमा धेरै वर्षदेखि काजका नाममा काठमाडौँमै रहेका आठ सयभन्दा बढी चिकित्सक र स्वास्थ्यकर्मीको मन्त्री बस्नेतले काज फिर्ता गरी दिएपछि दुर्गम क्षेत्रका जनताले पनि डाक्टर र स्वास्थ्यकर्मीको मुख देख्न थालेका छन् । शहरमा बसेका चिकित्सक र स्वास्थ्यकर्मी दरबन्दी भएको ठाउँ अर्थात गाउँगाउँ फर्केका छन् । कानून विपरीत सञ्चालनमा रहेका उपत्यकासहित देशका विभिन्न भागमा सञ्चालित फार्मेसी, क्लिनिक, प्रयोगशालाहरुको अनुगमन र कारवाहीपछि तिनीहरु कानूनी दायरामा आउन थालेका छन् । बिना फार्मासिस्ट सञ्चालनमा रहेका फार्मेसीले फार्मासिस्ट राख्न थालेका छन् । मन्त्री बस्नेतले कसैलाई सुइँको समेत नदिई १०१ वटा फार्मेसीको अनुगमन गरेर कानून विपरित सञ्चालनमा रहेका फार्मेसी कारवाही गरेको यहाँ स्मरणीय छ ।स्वास्थ्य मन्त्रालयले अघि सारेका तर लामो समयदेखि पारित हुन नसकेका नीति नियम पारित भएपछि काम गर्न सहज बन्दै गएको छ । १६ वर्षसम्म मन्त्रिपरिषद् बाट पारित हुन नसकेको राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (विसं २०८०-२०९०) मन्त्रिपरिषद्बाट पारित भएर अहिले कार्ययोजना समेत बनिसकेको छ ।

देशभरिका नागरिकले सस्तो शुल्कमा सेवा पाउने अस्पतालको रुपमा वीर अस्पताललाई लिइन्छ । यो अस्पतालमा उपचार गराउन आउने अधिकांश विपन्न नै हुन्छन् । उनीहरुको उपचार सहज बनाउन वीर अस्पतालको बहिरङ्ग (ओपिडी) सेवा बिहान ८ बजेदेखि नै सञ्चालन गर्न लगाइएको छ । भिआइपी र भिभिआइपीको उपचारका लागि पहिले छुट्याइएका तीन शय्यालाई बढाएर पाँच शय्या पुऱ्याएको छ । विभिन्न विधामा १७ जना ख्यातिप्राप्त चिकित्सकको टोली छ । विदेशमा पाइने उपचार सेवा सुविधा स्वदेशमै विस्तार भएको छ । यसपछि विदेश गएर उपचार गराउने भिआइपी समेत वीर अस्पतालमै उपचार गराउन थालेका छन् ।

देशका सातवटै प्रदेशका विभिन्न जिल्लाको अवलोकन भ्रमण गरेर त्यहाँका स्वास्थ्य समस्या बुझ्ने र तिनको समाधानका लागि राज्यका तीन वटै सरकारबीच समन्वय गर्ने काम भइरहेको छ । कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका विभिन्न जिल्लाका स्वास्थ्य संस्थाहरुको अवलोकन गरी स्थानीय बासिन्दाका गुनासो सुन्ने काम भएको छ । अनधिकृत रुपमा सञ्चालनमा रहेका फार्मेसीहरुलाई व्यवस्थित गर्ने काम भएको छ । औषधि व्यवस्था विभागले अहिले पनि अनुगमनलाई प्राथमिकता दिएर अगाडि बढाएको छ । विदेशमा हुने विभिन्न भ्रमणमा पहुँचवालाको मात्रै हालीमुहाली रोकेर दुर्गममा काम गरिरहेकालाई पनि प्राथमिकता दिएपछि त्यसको कर्मचारीवृत्तमा सकारात्मक सन्देश गएको छ ।

चिकित्सा शिक्षा अध्ययनका लागि नेपालमा पर्याप्त सिट नभएपछि पढ्नकै लागि नेपाली विद्यार्थी विदेसिनु पर्ने अवस्थाको अन्त्यका लागि विचारविमर्श र पहल भएका छन् । वर्तमान चिकित्सा शिक्षा ऐन संशोधन गरेर मापदण्ड पुगेका कलेजहरुका सिट बढाएर स्वदेशमै चिकित्सा शिक्षा पढ्न पाउने वातावरण बनाउन पहल भएको छ । निकट भविष्यमै चिकित्सा शिक्षा ऐन संशोधनको अवस्थामा पुगेको छ । यसले भोलिका दिनमा नेपालको स्वास्थ्य क्षेत्रमा हुन सक्ने जनशक्ति अभावको समस्या रहने छैन ।


स्वास्थ्य क्षेत्रको सुधारका लागि देशका विभिन्न भागमा अस्पताल खोलेर मात्र पुग्दैन । चिकित्सक र स्वास्थ्यकर्मीको अभावमा अस्पतालहरुले गुणस्तरीय सेवा प्रदान गर्न सक्दैनन् । ती अस्पतालहरुमा उपकरण र सेवा प्रदान गर्ने जनशक्ति हुनु पर्छ । जनशक्ति अभावले न अस्पतालले काम गर्छ न उपकरणले । २२ वर्ष पहिले ३३ हजार जनशक्ति रहेको स्वास्थ्यमा अहिले बिसौँ लाख जनसंख्या बढ्दा समेत जनशक्ति बढ्नुको सट्टा घटेर २८ हजारमा झर्नुले गुणस्तरीय उपचार सेवा प्रदान गर्न सकिँदैन । यसैगरी स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन केही सुधारका कामहरु भएका छन् । स्वास्थ्य बीमामा भइरहेको अनियमितता र गडबडी रोक्न स्वास्थ्य बीमा समितिलाई नयाँ ढङ्गबाट सञ्चालन भएको छ ।

नेपालमा चिकित्सा क्षेत्रको जनशक्ति उत्पादन गर्नका लागि अर्को योजना अगाडि ल्याइएको छ । देशका १०० देखि ३०० शैया भएका अस्पतालले नर्सिङ पढाउने र ३०० शैयाभन्दा बढीका अस्पतालले एमबिबिएस र स्नातकोत्तर तहको पढाइ गर्ने । बङ्गलादेशलगायतका देशमा यो मोडेल विद्यमान छ । यसो गर्दा नयाँ मेडिकल कलेज खोल्नका लागि अर्बौं रुपैयाँ खर्च गर्न नपर्ने र भएका अस्पतालमै केही कक्षा कोठा थप र केही जनशक्ति थप गरेर अहिलेकै जनशक्ति र अस्पतालबाट अध्ययन अध्यापन गराउन सकिने प्रस्ताव छ ।

कमिसनका लागि खरिद गरिने ठूला ठूला उपकरण भन्दा देशका दुरदराजमा रहेका स्वास्थ्य केन्द्रहरुलाई आवश्यक रहेका उपकरण किन्न सम्बन्धित महाशाखालाई निर्देशन दिइएको छ । औचित्य पुष्टि नभएसम्म करोडौँ पर्ने मेसिन नकिन्न मातहतका निकायहरुलाई निर्देशन दिइएको छ । स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकारको प्रत्याभूति गर्न मन्त्रालयको नेतृत्व लागिपरेको छ ।

सूर्तिजन्य पदार्थमा कर बढाएर त्यसबाट सङ्कलित रकम विपन्नको उपचारमा खर्च गर्ने योजना ल्याउन लागिएको छ । स्वास्थ्य कर कोषबाट उठ्ने रकम स्वास्थ्य चेतना विस्तार र विपन्नको उपचारमा खर्च गर्ने प्रबन्ध मिलाउन सकिएमा नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर्न सहयोग पुग्नेछ । अहिले पनि स्वास्थ्यमा थुप्रै समस्याहरु छन् । सर्वसाधारण जनताले उपचार नपाएर मर्नुपर्ने अवस्थाको अन्त्य गर्न सरकारी अस्पतालमा चिकित्सक र स्वास्थ्यकर्मीको दरबन्दी बढाउँदै सुलभ र भरपर्दो स्वास्थ्य सेवाको सुनिश्चित गर्नु अहिलेको मुख्य चुनौती रहेको छ । चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी सबैले आआफ्नो जिम्मेवारी निर्वाह गरिदिए स्वास्थ्य मन्त्रालयले काँचुली फेर्ने कुरामा शङ्का गर्ने ठाउँ छैन ।

# 'प्रदेशलाई अधिकार सम्पन्न बनाउन पत्रकारको अहम् भूमिका हुन्छ'



**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउन र संविधान कार्यान्वयनका लागि पत्रकारको अहम् भूमिका रहेको बताएका छन् ।

मुख्यमन्त्री निवासमा नेपाल पत्रकार महासङ्घ कोशी प्रदेश कार्यसमितिसँग सोमबार भएको भेटघाट एवं छलफलमा उनले प्रदेश सरकारले प्रादेशिक सरकारको दोस्रो कार्यकालमा अहिले आएर प्रदेश सरकारका अधिकारका बारेमा बहस चलेको र यसमा देशका समग्र पत्रकार हरुको भूमिका रहने स्पष्ट गरेका हुन् । मुख्यमन्त्री कार्कीले यस विषयमा बहस चलाउन नेपाल पत्रकार महासङ्घसँग आग्रह समेत गरे । उनले प्रदेशलाई अधिकार सम्पन्न बनाउन कानुन नबनाउने तर प्रदेशप्रति सार्वजनिक अभिव्यक्ति दिएर प्रश्न उठाउने सङ्घीय सांसदमाथि पनि सञ्चारकर्मीले प्रश्न गर्नुपर्ने बताए । सङ्घीय सरकारले प्रदेशलाई अधिकार दिने काममा ढिलाइ गरेको पनि बताए ।

उनले भने, "सङ्घले प्रदेश सरकारलाई अधिकार दिन आनाकानी गर्नु भनेको प्रदेशका जनतालाई सेवा, सुविधा र उनीहरुले प्राप्त गर्न पाउने लाभबाट वञ्चित गर्न खोज्नु जस्तो हो ।"प्रदेश सरकार सधैँ प्रेस स्वतन्त्रताको सम्मान गर्दै पत्रकार महासङ्घको भौतिक संरचना विकासमा लाग्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे नेपाल पत्रकार पत्रकार महासङ्घ कोशी प्रदेशका कार्यवाहक अध्यक्ष लवदेव ढुङ्गानाको नेतृत्वमा पत्रकारहरु मुख्यमन्त्री निवास पुगेका थिए ।

# युद्धको छायाँमा क्रिसमस उत्सव

**एएफपी**

बेथलेहेम । हमासविरुद्ध इजरायलको युद्ध र रूसले युक्रेनमाथि गरेको आक्रमणले विश्वभरका क्रिश्चियन धर्मावलम्बीद्वारा मनाइने रमाइलो क्रिसमस उत्सव सुरु भएको छ ।

विश्वले युद्धका कारण महङ्गी र कहर खपिरहेका समय पोप फ्रान्सिसले शान्तिको आह्वानसहित विश्वव्यापी क्रिसमस उत्सवको आइतबार साँझ उद्घाटन गर्नुभएको हो ।

"हामी प्यालेस्टाइन, इजरायल र युक्रेनको बारेमा सोचिरहेका छौं", पोपले क्रिसमसको पूर्वसन्ध्यामा आयोजित प्रार्थनासभामा भन्नुभयो, "हामी युद्धबाट पीडित मानिसहरुको बारेमा सोचिरहेका छौं ।"पोपले भन्नुभयो, "आज राति, हाम्रो हृदय बेथलेहममा छ र शान्तिका राजकुमार (येशु ख्रिष्ट) लाई फेरि युद्धको निरर्थक तर्कले अस्वीकार गरेको छ ।

हतियारको टकरावले आज पनि उहाँलाई संसारमा कुनै स्थान पाउनबाट रोकेको छ ।"क्रिस्टियन धर्मावलम्बी (मसीही) हरूको विश्वास अनुसार करिब दुई हजार वर्ष भन्दा पहिले येशू ख्रीष्टले स्थिररूपमा जन्मनुभएको र इजरायलद्वारा कब्जा गरिएको



पश्चिम किनाराको बाइबलीय शहर बेथलेहमको बार्षिक क्रिसमस समारोहलाई प्रभावकारी रूपमा सम्पन्न गर्न युद्धले रोकेको छ ।

सामान्य अवस्थामा हजारौं पर्यटकहरूलाई आकर्षित गर्ने उक्त समारोहलाई परम्परागत रूपमा सामान्य जमघटबीच नै मनाइन लागेको छ । प्यालेष्टिनी शहरमा विशाल क्रिसमस ट्री, परेडका लागि बाजाहरू र चमकदार जन्मको दृश्यको साथ मनाइने क्रिसमस केवल सामान्य उत्सवसहित मनाइनेछ किनकि यहाँका नागरिक युद्धको त्रासमा बाँचिरहेका छन् ।

क्रिसमस उत्सवका लागि शहरको मध्यभागमा एउटा विशाल प्यालेस्टिनी झण्डामा 'गाजामा युद्धविरामका लागि बेतलेहेमको घण्टी बज्छ' लेखिएको ब्यानर झुण्ड्याइएको छ ।

अठार वर्षीया छात्रा निकोल नज्जरले भन्नुभयो, "यो भूमिका लागि धेरै मानिस मरिरहेका छन् । हाम्रा मानिसहरू मरिरहेका बेला उत्सव मनाउन साँच्चै गाह्रो छ ।

"जेरूसेलमका ल्याटिन धर्मगुरू पियरबतिस्ता पिज्जाबालाले भन्नुभयो, "हामी यहाँ प्रार्थना गर्न आएका छौं र हामीले युद्धविरामको लागि मात्र होइन सम्पूर्ण शत्रुतालाई रोक्न आगामी मार्ग बदल्नुपर्छ किनभने युद्धले कसैलाई शान्ति दिँदैन हिंसा मात्र उत्पन्न गर्छ ।"गाजाको क्याथोलिक होली चर्चकी सिस्टर नाबिला सलाहले जेरूसेलमको ल्याटिन धर्मगुरू पिज्जाबालाको भनाइ उद्धृत गर्दै भन्नुभयो "क्रिसमसका सबै उत्सवहरू रद्द गरिएको छ ।" "हामीले घण्टीको साटो ट्याङ्की र बमबारीको आवाज सुन्न बाध्य छौ भने हामी कसरी उत्सव मनाउँछौं," उहाँले भन्नुभयो ।

सिरियामा चर्चहरूले प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउँदै प्रार्थना मात्र गरेर क्रिसमस उत्सव मनाएका छन् ।

गत अक्टोबर ७ मा हमासले गरेको आक्रमणमा इजरायलमा करिब एक हजार १४० जनाको मृत्यु भएको थियो, जसमध्ये अधिकांश सर्वसाधारण रहेका थिए ।

आ क्र म ण प छि प्यालेस्टिनी लडाकूहरूले करिब २५० जनालाई अपहरण गरेका थिए, जसमध्ये १२९ जना गाजामै रहेको इजरायलले बताएको छ ।

बदलामा इजरायलले चलाएको कारबाहीमा २० हजार ४२४ जनाको मृत्यु भएको छ भने मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका हमास नियन्त्रित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयको पछिल्लो विवरणमा जनाइएको छ ।

# प्रधानमन्त्री कपमा लुम्बिनी प्रदेशको जित

**टुडे समाचारदाता**




काठमाण्डु । लुम्बिनी प्रदेशले प्रधानमन्त्री कप महिला टि-२० राष्ट्रिय प्रतियोगितामा कर्णालीलाई ३० रनले पराजित गरेको छ । जितका लागि १ सय ३४ रनको बलियो विजयी लक्ष्य पछ्याएको कर्णालीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ३ रनमा समेटियो ।

कर्णालीका लागि गौरी बोहराले २२ बलमा २ चौकासहित सर्वाधिक २२ रन बनाइन् ।

त्यस्तै, यमुना थारुले २९ बलमा ४ चौकासहित २१ रन बनाइन् । अञ्जु गुरुङ ६ बलमा ३ चौकासहित १३ र रश्मी खड्का ११ रनमा नट आउट रहिन् । तृर्सना विश्वकर्माले ८, कप्तान किरण कुँवरले २ र बीना थापा ४ रनमा आउट भइन् । लुम्बिनीकी सरस्वती पुन र कृतिका मरासिनीले समान दुई/दुई विकेट लिए भने शर्मिला रोका र चमेली चौधरीले समान एक/एक विकेट लिए ।त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनी प्रदेशले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ३३ रन बनाएको थियो ।

लुम्बिनी प्रदेशकी कप्तान सरस्वती गङ्गा मगरले ६२ बलमा ७ चौकासहित ५३ रन बनाइन् । चमेली चौधरीले २२ बलमा २ चौकासहित १८ रन बनाइन् । सरस्वती पुनले ३ र मधु डिसीले २ रन बनाए । कर्णालीका लागि यमुना थारु, रश्मी खड्का र तृर्सना विश्वकर्माले समान एक/एक विकेट लिए ।लुम्बिनीको यो दोस्रो जित हो । लुम्बिनीले पहिलो खेलमा गण्डकीलाई ४ विकेटले हराएको थियो ।

यता कर्णालीको यो लगातार चौथो हार हो । कर्णाली यसअघि कोशीसँग १० विकेट, गण्डकीसँग ४४ रन र सुदूरपश्चिमसँग ८१ रनले पराजित भएको थियो ।

# दक्षिण एसियाली स्केटबोर्डमा नेपालको दबदबा

**टुडे समाचारदाता**

काठमाण्डु । पाँचौ दक्षिण एसियाली स्तरीय स्केट बोर्ड प्रतियोगिता तथा स्केट जात्रामा नेपालको दबदबा रह्यो ।

प्रतियोगितामा सिनियर पुरुष, सिनियर महिला र जुनियर पुरुषमा गरी ३ स्पर्धामा समान ३-३ स्वर्ण, रजत र कांस्यका लागि प्रतिस्पर्धा भएको थियो।

त्यसमा नेपालले ३ स्वर्ण, २ रजत र ३ कांस्य हात पार्दै वर्चस्व कायम गरेको हो ।

नेपाल स्केटिङ तथा स्केटबोर्ड संघ र स्केट एड नेपालद्वारा संयुक्त आयोजित प्रतियोगिताको सिनियर पुरुषमा शरद् राई पहिलो, बसन्त राई दोश्रो तथा धिरज परियार तेश्रो भए ।

सिनियर महिलामा समिक्षा राईले स्वर्ण, खुशी विकले रजत तथा स्वाती श्रेष्ठले कांस्य जिते। पुरुष/महिलामा दुवैमा पहिलो हुनेले १ हजार, दोश्रोले ५ सय र तेश्रोले २ सय ५० अमेरिकी डलर नगद पुरस्कार पाए ।

रूपन्देहीको तिलोत्तमास्थित स्केट पार्कमा भएको प्रतियोगिताको जुनियर पुरुषमा अभिषेक परियार प्रथम, भारतका मोहम्मद विन जावेद द्वितीय र कर्मा लामा गुरुङ तृतीय स्थानमा रहे ।

शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २ सय, १ सय ५० र १ सय अमेरिकी डलर नगद पुरस्कार प्राप्त गरे ।

# गाजास्थित शरणार्थी शिविरमा इजरायली हवाई आक्रमण

**सिन्ह्वा**

गाजा । गाजा पट्टीको अल-मगाजी शरणार्थी शिविरमा आइतबार भएको इजरायली हवाई आक्रमणमा कम्तीमा ७० प्यालेस्टाइनीको मृत्यु भएको प्यालेस्टिनी सरकारी टेलीभिजनले जनाएको छ ।

गाजास्थित स्वास्थ्य मन्त्रालयका प्रवक्ता अशरफ अल-केद्राले एक विज्ञप्तिमार्फत् भीडभाड भएको आवासीय क्षेत्रमा हवाई आक्रमणले आक्रमण भएकोले ७० जनाको मृत्यु भएको र यो संख्या थप बढ्न सक्ने बताउनुभएको छ ।

उहाँका अनुसार इजरायली सेनाले क्याम्पको मध्य क्षेत्रका मुख्य सडकहरूमा बमबारी गरिरहेको छ । जसले एम्बुलेन्स र नागरिक सवारीहरूलाई लक्षित स्थानहरूमा पुग्न बाधा पुगेको छ ।

मृत्यु हुनेमध्ये अधिकांश महिला तथा बालबालिका रहेका तथा स्थानीय अस्पतालहरूमा थप घाइतेलाई भर्ना गर्न गाह्रो भएको स्थानीय अधिकारीले बताएका छन् ।

स्रोतका अनुसार अल-मगाजी शरणार्थी शिविर बाहेक,



इजरायली सेनाले मध्य गाजाको अल-बुरेज शरणार्थी शिविर र दक्षिणी शहर खान युनिसमा पनि आक्रमण गरेको छ ।प्यालेस्टिनी रेड क्रिसेन्ट सोसाइटीका अनुसार एजरायली सैनिकद्वारा गरिएको तीव्र हवाई हमलाले अल-बुरेज, अल-मगाजी र अल-नुसेरातको शिविरको मुख्य सडकहरू बन्द गरेको छ । यहाँ एम्बुलेन्स तथा उद्धार टोलीहरूको काममा समेत बाधा पुगेको छ ।

इजरायली सेनाले पहिले गाजाका प्यालेस्टिनीहरूलाई खाली गर्न भनेको ठाउँहरूमध्य अल-मगाजी पनि एक थियो । प्यालेस्टिनी समाचार एजेन्सी वाफाका अनुसार, गत महिना इजरायलले अल-मगाजीमा बमबारी गरेको थियो । बमबारीमा ५१ जना प्यालेस्टिनीहरूको मृत्यु भएको थियो । मृत्यु हुनेमा अधिकांश महिला तथा बालबालिकाहरू थिए ।

गाजाको स्वास्थ्य मन्त्रालयले आइतबार देखाएका तथ्याङ्कक अनुसार, इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको संख्या बीस हजार ४२४ पुगेको छ । अक्टोबर ७ मा द्वन्द्व सुरु भएदेखि यस क्षेत्रमा ५४ हजार ३६ जना घाइते भएका छन् ।

यसैबीच, गत साताको अन्त्यमा गाजामा कूल १५ इजरायली सैनिकको मृत्यु भएको पुष्टि भएको छ । इजरायली सेनाले गाजामा आफ्नो भूमिगत आक्रमणको क्रममा मारिएका इजरायली सैनिकको कूल संख्या १५४ पुगेको बताएको छ ।

# मौसम विज्ञान उपग्रह प्रक्षेपण

**सिन्ह्वा**

चीन, जिउक्वान । चीनले सोमबार उत्तर पश्चिम चीनको जिउक्वान स्याटेलाईट प्रक्षेपण केन्द्रबाट चारवटा मौसम विज्ञान उपग्रह सफलतापुर्वक अन्तरिक्षमा पठाएको छ ।

तियानमु-१ मौसमी तारामण्डलका उपग्रहहरू कुआइझोउ-१ ए रकेटद्वारा बेइजिङको समयअनुसार बिहानको ९ बजे प्रक्षेपण गरी योजनाबद्ध कक्षमा प्रवेश गरेका छन् ।

क्वाइझोउ-१ ए रकेटको २३ औं उडान अभियानमार्फत् पठाइएका स्याटेलाईटहरू मुख्य तथा व्यवसायिक मौसमी तथ्याङ्क सेवा प्रदान गर्न प्रयोग गरिने छ ।

## क्रिसमसको अवसरमा एक हजार कैदी रिहा

**एएफपी**

कोलम्बो । श्रीलङ्काले क्रिसमसको अवसरमा देशभरका जेलमा रहेका एक हजारभन्दा बढी कैदीलाई आममाफी दिएर रिहा गरेको छ । श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले जेलमा रहेका, आचरणमा सुधार देखिएका आधाभन्दा बढी जेल जीवन बिताइसकेका एक हजार चार कैंदीलाई बाँकी जेल सजायँ माफी गर्ने पत्रमा हस्ताक्षर गर्नुभएको हो ।

सोमबार रिहा भएका एक हजार चार जनामध्ये जरिवाना तिर्न नसकेका कारण जेल सजाय भोगिरहेका श्रीलङ्काका नागरिक रहेको कारागार आयुक्त गामिनी दिसानायकेले जानकारी दिनुभयो ।श्रीलङ्कामा बौद्ध धर्मावलम्बीको बाहुल्यता रहेको छ र बुद्धको जन्म, प्रबुद्धता र मृत्युको उपलक्ष्यमा मनाइने वैशाखको बिदाको अवसरमा मे महिनामा पनि त्यति नै स‌ङ्ख्यामा दोषीलाई रिहा गरिएको थियो ।क्रिसमसको पूर्वसन्ध्यामा रोकिएको एक साता लामो सेना समर्थित लागुऔषध विरोधी अभियानका क्रममा प्रहरीले करिब १५ हजार व्यक्तिलाई पक्राउ गरेपछि पछिल्लो क्षमादान दिइएको हो ।

प्रहरीले जारी गरेको विज्ञप्तिमा १३ हजार ६६६ जना शङ्कास्पद व्यक्तिलाई पक्राउ गरिएको र करिब एक हजार १०० जनालाई हिरासतमा लिएर सेनाद्वारा सञ्चालित अस्पतालमा अनिवार्य पुनः स्थापनाका लागि पठाइएको उल्लेख छ ।श्रीलङ्काका जेलहरूमा क्षमताभन्दा बढी कैंदी राख्दा लामो समयदेखि जेलमा कैंदीको भीडभाड हुने गरेको छ ।सरकारी तथ्या तथ्याङ्कअनुसार शुक्रबारसम्म ११ हजार कैदीबन्दी राख्न मिल्ने गरी निर्माण गरिएका जेलमा करिब ३० हजार कैंदीबन्दी रहेका छन् ।

# युक्रेनमा पहिलो पटक क्रिसमस मनाइँदै

**एएफपी**

बेथललेहम । यो बर्ष युक्रेनले पहिलो पटक डिसेम्बर २५ मा क्रिसमस मनाउँदैछ ।

करिब दुई वर्षअघि रूसले



आक्रमण शुरू गरेको युक्रेनमा जनवरी ७ को परम्परागत दिन (अर्थोडक्स डेट) लाई बेवास्ता गर्दै डिसेम्बर २५ मा नै क्रिसमस मनाउने घोषणा गरेको हो । जनवरी ७ लाई रूसी क्रिश्चियन धर्मावलम्बीहरूले विशेष दिनका रूपमा लिने गर्छन् भने रूसी परम्पराको विरोधका लागि युक्रेनले नयाँ मिति अर्थात् उसका सहयोगीहरूले क्रिसमस मनाउने दिन डिसेम्बर २५ मा नै क्रिसमस मनाउने घोषणा गरेको हो ।

ओडेसाको दक्षिणी 'ब्ल्याक सी' बन्दरगाहमा चर्चमा जानेहरूले डिसेम्बर २४ लाई क्रिसमसको अघिल्लो साँझका रूपमा मान्यता दिँदै मैनबत्ती बाली प्रार्थना गरेका थिए ।सुनौलो वस्त्रमा उपस्थित पादरीहरूले युक्रेनी गिर्जाघरहरूमा जन्मको दृश्यले सजाइएको 'क्रिसमस ट्री'को अगाडी उभिएर येशु ख्रिष्टको जन्म दिनको सम्झना गरेका थिए ।

"हामी विश्वास गर्छौं कि हामीले वास्तवमा मस्कोबाट टाढा, टाढा, सारा विश्वसँग क्रिसमस मनाउनुपर्छ। मेरो लागि यो अब नयाँ सन्देश हो," आफ्नो छोरा युक्रेनी सेनाको अग्रदस्तामा चिकित्सक रहेको बताउने पादरी, ओलेनाले भन्नुभयो । अर्थोडक्स चर्चले रुचाएको जुलियन क्यालेन्डरबाट टाढा जाने मिति परिवर्तन रूसी र सोभियत साम्राज्यहरूको निशान हटाउन आक्रमण पछिको चालको एक भाग भएको उहाँले बताउनुभयो ।


## ।। हार्दिक श्रद्धाञ्जली ।।



जन्म मिति
बि.सं.२०००

स्व.संयोगा देवी

मृत्यु मिति
बि.सं.२०८०/०९/०३

हाम्रा मित्र एवं मोडेल मल्टिपल कलेजका संस्थापक प्राध्यापक वीरेन्द्र साहकी प्रातःस्मरणीय ममतामयी आमा **संयोगा देवी**को ८० वर्षको उमेरमा मिति २०८०/०९/०३ गते देहावसान भएको खबरले मर्माहत भएका छौ ।असिम शोकको घडीमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौ ।

**बृज कुमार यादव**
सम्पादक
एवं
**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि., जनकपुरधाम परिवार**

# आगामी आवको बजेट निर्माण सुरु, प्रदेश र स्थानीय तहसँग योजना माग

**टुडे समाचारदाता**

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट निर्माण प्रक्रिया सुरु भएको छ । राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आगामी आवका लागि सङ्घीय समपूरक तथा विशेष अनुदानअन्तर्गत सञ्चालन गरिने आयोजना र कार्यक्रमका लागि प्रस्ताव माग गरेको हो । प्रदेश र स्थानीय तहलाई यस्तो अनुदान शीर्षकअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रस्ताव आगामी माघ मसान्तभित्र पेस गरिसक्न भनिएको छ ।




राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा दिवाकर लुइँटेलका अनुसार सङ्घीय सरकारले प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रुपमा समपूरक र विशेष अनुदान उपलब्ध गराउँछ । आवश्यक प्रक्रिया र मापदण्ड पूरा गरेका योजना तथा कार्यक्रम मात्र यस्तो अनुदान पाउनका लागि योग्य हुने उनको भनाइ थियो ।“समपूरक र विशेष भनेको मागका आधारमा दिइने अनुदान हो । स्थानीय तह र प्रदेशले तोकिएको मापदण्ड तथा समय सीमाभित्र प्रस्ताव हालेपछि माग भई आएका योजना/कार्यक्रम छनोटको प्रक्रियामा जान्छन्”, लुइँटेलले भने । समपूरक र विशेष अनुदानका लागि अनलाइनबाट मात्रै प्रस्ताव पेस गर्न सकिने आयोगले जनाएको छ । अनलाइनबाट प्राप्त प्रस्तावलाई राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा रहने छनोट समितिले विश्लेषण गरी उपयुक्त योजना तथा कार्यक्रमलाई बजेट उपलब्ध गराउन सिफारिस गर्नेछ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार केन्द्र सरकारले प्रदेश र स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी योजना कार्यान्वयन गर्न समपूरक अनुदान दिनसक्ने व्यवस्था छ । त्यस्तै शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सेवाका क्षेत्रमा विशेष अनुदान उपलब्ध गराइन्छ । अन्तर प्रदेश वा अन्तर स्थानीय तहबीच सन्तुलित विकास गर्ने, अर्थ-सामाजिकरुपमा पछि परेका वर्ग समुदायलाई लक्षित गरेर पनि यस्तो अनुदान उपलब्ध गराइछ । यसरी, समपूरक अनुदानका लागि पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरु र विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्यसुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापनजस्ता क्षेत्रसँग सम्बन्धित आयोजनामा अनुदान माग गर्न सकिनेछ ।

प्रदेश र स्थानीय तहले सङ्घीय सरकारबाट समपूरक तथा विशेष अनुदान पाउन निश्चित मापदण्ड र प्रक्रिया पूरा गर्नुपर्छ । यस्तो अनुदान पाउनका लागि आयोजना तथा कार्यक्रम सिफारिस गर्दा आवश्यकता र औचित्य पुष्टि हुनुपर्ने आयोगले जनाएको छ । उत्पादन तथा उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने उद्देश्यका आयोजना तथा भूकम्पलगायतका प्राकृतिक विपद्बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी आयोजना र कार्यक्रम छनोट गरिने आयोगको भनाइ छ ।

समपूरक र विशेष अनुदान पाउनका लागि ऐन र कार्यविधिमार्फत मापदण्ड तोकिएका छन् । प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा कार्यपालिका बैठकले निर्णय गरी आयोजना/कार्यक्रमको प्रस्ताव गर्नुपर्नेछ । पूर्वतयारी सम्पन्न भएका आयोजना/कार्यक्रम मात्र पेस गर्नुपर्ने मापदण्ड छ । त्यस्तै यसअघि सङ्घीय समपूरक तथा विशेष अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका तर सम्पन्न हुन बाँकी रहेका आयोजनालाई विशेष प्राथमिकता दिनुपर्नेछ ।यस्तो अनुदान पाउनका लागि प्रस्ताव गरिने आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), वित्तीय लागत अनुमानलगायत पूर्वतयारीका काम सकिसकेको हुनुपर्नेछ । समपूरक अनुदानका लागि गाउँपालिका र नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजनाको कूल लागत अनुमान रू एक करोडदेखि रू १० करोडसम्मको सीमा तोकिएको छ ।


त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले रू पाँच करोडदेखि रू २५ करोडसम्मका आयोजना प्रस्ताव गर्न पाउने व्यवस्था कार्यविधिमा छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका आयोजनाका लागि रू २० करोडदेखि रू एक अर्ब लागतसम्मका आयोजनाको प्रस्ताव पेस गर्न सकिनेछ ।विशेष अनुदानका लागि भने स्थानीय तहले कम्तीमा रू ५० लाख देखी बढीमा १० करोडसम्मको लागतका आयोजना प्रस्ताव गर्न सकिने व्यवस्था छ । प्रदेशले कम्तीमा रू १० करोड बराबर लागत भएको आयोजना तथा कार्यक्रमका लागि विशेष अनुदान माग गर्न सक्छन् ।

समपूरक अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको ५० प्रतिशत वित्तीय भार सम्बन्धित पालिका वा प्रदेशले व्यहोर्नुपर्ने व्यवस्था रहेको छ । यो अनुदान शीर्षकअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको वार्षिक अनुमानित खर्चमध्ये कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारले सहलगानीका रुपमा छुट्याउनुपर्ने व्यवस्था कार्यविधिमा छ । त्यस्तै समपूरक अनुदानअन्तर्गतका आयोजना तीन वर्षभित्रमा सम्पन्न गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।

# बाख्रापालनबाट आम्दानी

**टुडे समाचारदाता**

इलाम । फाकफोकथुम गाउँपालिका-४ इलामकापूर्णकुमार राई (दिपेन) ले छ वर्ष दुबईमा बसेर फर्केपछि फाकफोकथुम-४ लुम्देस्थित फावाखोला डाँडामा व्यावसायिक बाख्रापलन व्यवसाय सञ्चालन गरे । वडा कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय इलाममा विसं २०७५ मा ‘जुरीथुम्का बाख्रापालन’ फार्म दर्ता गरेर उनले व्यावसायिक बाख्रापलन गर्न थाल्नुभएको हो ।



“तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सञ्चालन गरेको सशस्त्रयुद्धका लडाकु थिएँ । विसं २०५८ मा कक्षा ७ मा पढ्दापढ्दै राज्यव्यवस्था परिवर्तनका लागि भन्दै आन्दोलनमा होमिएको हुँ । विसं २०६२/६३ जनआन्दोलनपछि शान्तिप्रक्रिया भएसँगै जीवनको यात्रा पनि मोडियो”, राईले भने । विसं २०६७ मा दुबई गएर छ वर्षपछि स्वदेशमै केही गर्नुपर्छ भन्ने लागेर फर्केको उनको भनाइ थियो ।

“विसं २०७३ मा करिब रू १८ लाख लिएर नेपाल फर्केको थिएँ । गाउँ फर्किएपछि फाकफोकथुम-५ लुम्देस्थित फावाखोला डाँडाको यथावामा ५६ रोपनी जग्गा रू छ लाखमा खरिद गरेपछि मेरो व्यावसायिक कृषि र पशुपालनको यात्रा सुरु भयो”, राईले भने । उनका अनुसार गाउँमै बाख्रापालन फार्म सञ्चालन गरेपछि अन्य युवाले समेत गाउँमा स्वरोजगारीका लागि योजना बनाउन थालेका छन् । वैदेशिक रोजगारीबाट गरिएको बचत र बैंकबाट लिएको कर्जा रू १० लाख गरी रू २० लाखको लगानीमा बाख्रापालन सञ्चालनमा ल्याएको राईले जानकारी दिए । उनका अनुसार फार्ममा अहिले विभिन्न जातका सानाठूला गरी एक सय बढी बाख्रा छन् । स्थानीय तथा उन्नत जातका बाख्रासमेत थप गर्ने योजना रहेको उनले सुनाए । उनको फार्ममा बाख्रासँगै पशुतर्फ गाई र राँगा एवम् कृषितर्फ अलैंची, केरा, कफी, मेवा, लसुन, कागती खेती विस्तार गरेका छन्।

पूर्णकुमारले गाउँमै व्यावसायिक कृषि र पशुपालनबाट लाखौं आम्दानी गरिरहनुभएको छ । व्यवासाय सुरु गरेपछि उहाँलाई घरखर्च टार्न कुनै समस्य छैन । “अहिले घरखर्च टार्न कसैलाई माग्नु परेको छैन । यही व्यवसायबाट सहजरुपमा जीविकोपार्जन भइरहेको छ”, उनले भने, “युवा जनशक्ति विदेश पलायनसँगै गाउँघर रित्तिँदै गएका बेला म चाँही स्वेदशमै पसिना बगाउने सङ्कल्पका साथ यही व्यवसायमा लागिरहेको छु ।”राईले वैदेशिक रोजगारीबाट सिकेको सीप गाउँघरमै प्रयोग गरिरहेको बताए । फुङ्ग धुलो उड्ने सुख्खा डाँडो अहिले हरियाली भएको छ । बाख्रापालनबाट सङ्कलन भएको मलबाट डाँडामा फलफूल, तरकारी खेती र अलैंचीका बोटले हराभरा भएका छन् । उनको मेहनतबाट स्थानीय किसानसमेत उत्साहित भएका छन् ।

पूर्णकुमारले आफ्नो ५६ रोपनी जग्गा नपुगेर घाँस र चरन क्षेत्रका लागि सात सय रोपनी जग्गा भाडामा लिएको जानकारी दिए । रोजगारीका लागि विदेश जानु भन्दा गाउँघरमै कुनै न कुनै व्यवसाय गरेर आम्दानी गर्न सकिने उनको भनाइ थियो । उनको फार्मले प्रोत्साहनस्वरुप तीन वर्षअघि तत्कालीन प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट व्यावसायिक नमुना बाख्रा फार्म कार्यक्रमअन्तर्गत रू १० लाख अनुदानसमेत पाएको छ । सो अनुदानबाट आधुनिक बाख्रोको खोर निर्माण गरेको राईले बताए । उनका अनुसार बोका, माउ बाख्रा, खसी एवम् पाठापाठीका राख्ने खोर अलगअलग बनेका छन् ।

पैसा कमाउन विदेश नै गइराख्नु पर्दैन भन्ने सन्देश दिन आफूले गाउँमै बाख्रापान सुरु गरेको राईको भनाइ थियो । “बेरोजगार युवा विदेशिने क्रम रोक्न तथा गाउँघरमै स्वरोजगार बन्न सकिन्छ भन्ने सन्देश दिन व्यावसायिक बाख्रापालन सुरु गरेको हुँ”, उनले भने, “बैंकको कर्जा विस्तारै तिरिसक्न लागेँ । कर्जा चुक्ता गरेपछि अझ बाख्रा थप्ने योजनामा छु ।”

# फापर खेती लगाउने किसानको मोह हरायो

**टुडे समाचारदाता**

फुङ्लिङ । ताप्लेजुङका किसानले रैथाने बाली फापर खेती लगाउन छोडेका छन् । पछिल्लो समय फापर खेतीप्रति किसानको आकर्षण हुन नसक्दा फापर नै लोप हुने अवस्थामा पुगेको छ ।

दस वर्षअघि फक्ताङ्लुङ गाउँपालिका-६ लेलेपकी किसान मनमाया लिम्बूले एकै मौसम (सिजन) मा १० देखि १५ मुरीसम्म फापर उत्पादन गर्ने गरेको सुनाए । उनले भने, “पछिल्लो समय खेती गर्ने जनशक्ति (मान्छे) पाइँदैन ।

अलैंची, चिराइतोजस्ता नगदेबाली लगाउने प्रचलन बढ्यो । यसैले फापर खेती गर्न छाडियो । ” यस्तै फुङ्लिङ नगरपालिका-२ बोझेकी किसान धनकुमारी मादेन लिम्बूले फापर खेती लगाउन छोडेको सुनाए ।

“पहिले-पहिले गाउँका सबै किसानले फापर खेती लगाउँथे, विस्तारै सबैले खेती गर्न छोड्दै गए, आफूले पनि फापर खेती लगाउन छोडियो”, उनले भने । उनले परम्परागत रैथाने बाली भएकाले बीउ जोगाउनका लागि थैरै मात्र फापर खेती लगाउँदै आएको बताए । उनीहरुजस्तै खेतीमा संलग्न जिल्लाका किसानले फापर खेती लगाउन छोडेका छन् ।

किसानले खेती गर्न छोडेपछि जिल्लामा फापर देख्नै पाउन छाडिएको फुङ्लिङ नगरपालिका-५ बुद्धचोकका विक्रम लिम्बूले जानकारी दिए । विगतमा गाउँका किसानसँग सम्पर्क गर्दा चाहे जति पाइनेअर्थात् उपलब्ध हुने फापर अहिले खोजी गर्दा पनि पाउनलाई मुस्किल पर्ने गरेको उनले बताए ।

विगतमा फापर खेतीमा संलग्न रहँदै आएका किसान कम उत्पादन हुने र सोचेजस्तो फाइदा पनि नहुने भएकाले फापर खेती छोडेको बताउँछन् । कुन खेती र पेसा गर्दा बढी फाइदा हुन्छ, त्यतातिर किसान अग्रसर र आकर्षित हुँदै आएको उनीहरुको भनाइ छ । थोरै परिश्रम वा लगानीबाटै राम्रो आम्दानी हुने गरेको अलैंची खेतीतर्फ नै ग्रामीण भेगका किसान आकर्षित हुँदै आएका छन् ।

स्थानीय भाषामा तीते र मिठे गरी दुई प्रथातिको फापर खेती गर्ने गरिन्छ । खेती गर्न र उत्पादन हुन छोडेको फापर, कोदोलगायतका रैथाने खाद्यान्न बालीको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने हाल आवाज पनि उठ्न थालेको छ । मेला, महोत्सव तथा खाद्य परिकार प्रदर्शनीमा रैथाने बालीका परिकार चखाउने र उपभोगका लागि प्रयोगमा ल्याउने गरिएकाले यस्ता बालीहरुको खेतीलाई निरन्तरता दिनुपर्ने माग समेत उठ्न थालेको छ ।

स्थानीय तहले नै रैथाने बालीको संरक्षण र प्रवर्द्धनका कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउनुपर्ने समाजका अगुवाले बताउने गरेका छन् ।

किसानलाई आत्मनिर्भर बनाउने योजना बनाउँदै आएका स्थानीय तहले अनुदान सहयोग गरेरै भए पनि रैथाने बाली संरक्षण तथा खेती गर्नतर्फ प्रेरित गर्ने गरी कार्यक्रम ल्याउनुपर्ने आवश्यक भएको समाजका अगुवा बताउँछन् । रैथाने बाली फापरको परिकार उपभोग गर्नु स्वास्थ्यका लागि लाभदायक मानिन्छ ।

उच्च रक्तचाप तथा मधुमेह (सुगर) का बिरामीले फापरको परिकार उपभोग गर्न लाभदायक हुने बताइन्छ । त्यस्तै कब्जियत नियन्त्रण गर्न, मोटोपन घटाउनमा सहयोगी हुने जनाउँदै फापरको रोटीलगायतका परिकार उपभोग गर्नमा उपभोक्ताको रुची बढ्दै गएको पाइएको छ ।

# तीन करोडको सुन्तला उत्पादन



**टुडे समाचारदाता**

दमौली । तनहुँको एक पालिकाको एउटै वडाबाट यो वर्ष करिब रु तीन करोड बराबरको सुन्तला उत्पादन भएको छ । देवघाट गाउँपालिका-३ का विभिन्न ठाउँबाट यस वर्ष उक्त मूल्य बराबरको सुन्तला उत्पादन भएको हो । उक्त वडाको नौ वटा टोलमा व्यावसायिकरूपले सुन्तलाखेती भइरहेको छ । गत वर्ष पनि रु तीन करोड बराबरको सुन्तला बिक्री गरेका यहाँका कृषकले अहिले पनि सोही हाराहारीमा सुन्तला बिक्री गर्ने तयारी गरेको सुन्तला उत्पादक कृषक भीमबहादुर थापाले जानकारी दिए ।

यहाँका कृषकको मुख्य आम्दानीको स्रोत सुन्तला बनेको उनको भनाइ थियो । यस वर्ष रु ५५ लाख बराबरको सुन्तला उत्पादन गर्नुभएका थापाले भने, “धेरै वर्ष पहिला अधियाँ गरेर खानुपर्ने बाध्यता रहेकामा अहिले सुन्तलाले आत्मनिर्भर बनाएको छ ।” उनका अनुसार सुरुका दिनमा रु थोरै ऋण माग्दा पनि कसरी तिर्ला भन्ने अहिले आम्दानी देखेर दङ्ग छन् । सुन्तला खेतीले कृषकको जीवनस्तर बदलिएको छ । यो वडाको लुङ्गिङ, छिपछिपे, छापस्वारा, दगरालगायत ठाउँका कृषकले सुन्तला बेचेर मनग्य आम्दानी गरिरहेका छन् ।

सुन्तला उत्पादनमा जिल्लाकै पकेट क्षेत्रका रुपमा देवघाट परिचित छ । थापाले भने, “विगतमा केही पनि अन्नबाली उत्पादन नभएर भोकै बस्नुपर्ने बाध्यता रहेका यहाँका कृषकले यतिबेला सुन्तला बेचेर मनग्य आम्दानी गर्दै आएका छन् ।

लुङ्गिङमा एउटै घरबाट रु २० लाखभन्दा बढीको सुन्तला बिक्री भएको छ ।” स्थानीय विष्णुकुमार श्रेष्ठले विदेश वा अन्यत्र गएकाहरु पनि गाउँ फर्किएर सुन्तलाखेतीमा लागेको जानकारी दिए । उनले भने, “सुन्तला खेतीबाट मनग्य आम्दानी हुन थालेपछि बाहिर भएकाहरु गाउँ फर्किए ।”छापस्वाँराका डिलकुमार श्रेष्ठले सुन्तलासँगै बाख्रापालनलाई अगाडि बढाउनुभएको छ । यस वर्ष रु दुई लाख ५० हजारको सुन्तला बेचिसकेको उल्लेख गर्दै उनले भने, “५० वटा बाख्रा पालेको छु । सुन्तला र बाख्रा नै आम्दानीको स्रोत हो ।” गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाट सुन्तला उत्पादनमा पकेट क्षेत्रका रुपमा विकास भएको बताए ।

देवघाटमा सुन्तला प्रशस्त उत्पादन भए पनि बजारीकरणका लागि कृषकले समस्या भोगिरहेका छन् । नदी पारी रहेको लुङ्गिङ, छिपछिपे, छापस्वाँरा, दगरा गाउँलाई राजमार्गसम्म जोड्न त्रिशूली र सेती नदीमा पुल नहुँदा बजारसम्म सुन्तला ढुवानीका लागि समस्या हुँदै आएको सुन्तला कृषकको गुनासो थियो ।

यहाँका कृषकले लुङ्गिङ र छिपछिपेका कृषकले बुद्धसिंह मार्गको नाल्दीघाट र मुग्लिङ-नारागणगढ सडकको गाईघाटसम्म जिपमा राखेर ल्याउने र त्यहाँबाट बोकाएर झोलुङ्गे पुल तारेर राजमार्गसम्म ल्याउने गरेका छन् । गाउँपालिकाले सुन्तला उत्पादक कृषकलाई लक्ष्य गरी सुन्तला नर्सरी स्थापना गर्न रु ३० लाख विनियोजन गरेको छ । उक्त नर्सरीमा बिरुवा उत्पादन गरेर इच्छुक किसानलाई निःशुल्क वितरण गरिने बताइएको छ ।

# चिराइतोले मूल्य पाउँदा किसान उत्साहित

**टुडे समाचारदाता**

भोजपुर । बहुउपयोगी जडीबुटी चिराइतोको मूल्य बढेपछि भोजपुरका किसान उत्साहित भएका छन् । चिराइतो यो वर्ष किसानको घरबाट प्रतिमन(४० केजी) रु ५० हजारले बिक्री भएकाले किसान उत्साहित बनेका हुन् ।

यस वर्ष चिराइतो बिक्रीबाट रु १८ लाख आम्दानी भएको टेम्केमैयुङ-१ तिम्माका किसान देवेन्द्र राउतले बताए । सुरुमा प्रतिमन ४४ हजारले ३५ मन र प्रतिकेजी रु १० हजारका दरले १० केजी बीउ बेच्न सफल भइएको उनको भनाइ थियो ।

“यो वर्ष चिराइतोले राम्रो मूल्य पाएको अवस्था छ”, राउतले भने, “चिराइतो र यसको बीउ गरेर रु १८ लाखको बिक्री गरेँ । सुरुमा मैले प्रतिमन रु ४४ हजारमा बेचेँ अहिले प्रतिमन रु ५० हजारमा गाउँबाटै चिराइतो बिक्री भइरहेको छ ।”यस वर्ष भोजपुरबाट एक हजार पाँच सय मन चिराइतो जिल्ला बाहिर गएको चिराइतो व्यवसायी सङ्गम राईले बताए । “यस वर्ष चिराइतोको मूल्य बढेको अवस्था छ”, उनले भने, “जिल्लाबाट एक हजार पाँच सय मन चिराइतो बाहिरिएको अवस्था छ । मैले मात्र ३० हजार केजी चिराइतो बाहिर पठाए ।”

टेम्केमैयुङ-१ तिम्मा र सुम्लिखाको १७ घरबाट मात्र रु एक करोड ६५ लाखको चिराइतो उठाएको उनको भनाइ थियो । किसानले यस वर्ष चिराइतोबाट राम्रो आम्दानी लिएको व्यवसायी राईले जानकारी दिए । आफू पनि जडीबुटी खेतीमा आबद्ध रहेकाले अन्य किसानको चिराइतो सङ्कलन गरेर बाहिर पठाएको उनको भनाइ थियो । अहिले विभिन्न गाउँबस्तीमा व्यापारीले धमाधम चिराइतो खरिद गर्न थालेका छन् । विगतका वर्षमा मूल्य घटेपछि धेरै किसानले यसको व्यावसायिक खेती छाड्दै गएकामा यस वर्षदेखि मूल्य बढेकाले यसको विस्तार गर्न लागिएको कृषक एकराज विष्टले बताए ।

ज्वरो, दम, रुघाखोकी, मधुमेह, पिसाब पोल्ने, पेटको जुका, सुन्निएको, पोलेको आदि रोगका लागि यसका पात, डाँठ, जरासहितको भाग नै प्रयोग गर्न सकिने स्थानीय किसानको भनाइ छ । चिराइतो बहुउपयोगी जडीबुटी भएकाले भविष्यमा यसको मूल्य अझ राम्रो हुने किसान देवबहादुर विष्टले बताए । “यसको महत्व धेरै छ”, उनले भने, “धेरै वर्षको अन्तरालमा चिराइतोले राम्रो मूल्य पाएको अवस्था छ । यसले हामी किसानमा थप हौसला मिलेको छ ।”

एक हजार पाँच सय मिटरदेखि दुई हजार पाँच सय मिटरसम्मको उचाइमा चिराइतो राम्रोसँग फस्टाउँछ । टेम्केमैयुङ गाउँपालिका-५ मझौले, तिम्मा, षडानन्द नगरपालिकाको किमालुङ, दोभाने, हेलौंछा, साम्पाङ, खार्तम्छा, आमचोक गाउँपालिकाको युँ, वासिङ्थर्पु, पौवादुङमा गाउँपालिकाको श्यामशिलालगायत ठाउँ चिराइतोका लागि पकेट क्षेत्रका बनेका छन् ।

# नेफ्स्कूनको अध्यक्षमा ढकाल निर्वाचित

**टुडे समाचारदाता**

काठमाण्डु । देशभरका सहकारीको छाता संस्था नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्स्कून)को अध्यक्ष पदमा चन्द्रप्रसाद ढकाल निर्वाचित भएका छन् । नेफ्स्कूनको यही पुस ७ र ८ गते सम्पन्न ३२ औं वार्षिक साधारणसभा एवं निर्वाचनमा उहाँले एक हजार एक सय ९६ मत प्राप्त गरेका थिए ।

निर्वाचनमा अध्यक्षका प्रत्यासी परितोष पौड्याललले एक हजार १९ मत प्राप्त गरेका थिए । नबनिर्वाचित अध्यक्ष ढकाल लामो समयदेखि सहकारी क्षेत्रमा कार्यरत छन् । वरिष्ठ उपाध्यक्षमा दामोदर अधिकारी, महिला उपाध्यक्षमा शान्ति अधिकारी , महासचिवमा घनश्याम अधिकारी कोषाध्यक्षमा दिपक थापा निर्वाचित भएका छन् । सञ्चालक महिलामा सीता ढकाल पौडेल, मन्दरा मिश्र, कमलादेवी गिरी, लक्ष्मी सापकोटा (कोशी प्रदेश), शोभाकुमारी राउत (मधेस प्रदेश), खेमराज सुवेदी (बागमती प्रदेश), गोपालप्रसाद गौतम (गण्डकी प्रदेश),ज्ञानु पौड्याल (लुम्बिनी प्रदेश), वीरबहादुर राउत भोट (कर्णाली प्रदेश), दिप्ती शाही (सुदूरपश्चिम प्रदेश) विजयी हुनुभएको निर्वाचन समितिले जनाएको छ । यसैगरी, सञ्चालक खुलामा देवकुमार श्रेष्ठ, सुशीलकुमार बस्न्यात, शालिकराम ढकाल, लेखा सुपरीवेक्षण समिति संयोजकमा इन्द्रराज ज्योती पौडेल, सदस्यद्वयमा हेमराज विष्ट र दुर्गा तिवारी सञ्जेल निर्वाचित हुनुभएको छ । गए राति सम्पन्न मतदानमा कूल दुई हजार छ सय ३३ मतदातामध्ये दुई हजार दुई सय मतदाताले मतदान गरेका थिए ।

# दुग्ध पदार्थ बिक्री नहुँदा कृषकलाई ‘मिल्क होलिडे’ को त्रास

**टुडे समाचारदाता**

इलाम । सूर्योदय नगरपालिका-११ का गोपाल भट्टराईले प्रतिदिन ६० लिटर दुग्ध बिक्री गर्छन् । ज्योति पुञ्ज गाईफार्म दर्ता गरेर व्यावसायिक दुग्ध उत्पादन गरिरहेका उनले स्थानीय सुप्रभात डेरी उद्योगलाई दुग्ध बिक्री गर्छन् । पछिल्लो समयमा डेरीमा थन्किएको घ्यू र छुर्पी देख्दा उनको मनमा चिसो पस्न थालेको छ । “हाम्रो ठाउँमा आशलाग्दो बनेको गाईपालन नै मासिएलाजस्तो छ ।” उनी भन्छन्, “दुग्ध विकेन भने किसानले हातमुख कसरी जोड्ने ? घर-घरमा अभाव छिर्ने खतरा बढ्यो ।”

दुग्ध पदार्थ बिक्री नहुँदा इलामका कृषकलाई ‘मिल्क होलिडे’ सुरु हुने त्रास बढेको छ । घ्यू र छुर्पी बिक्री नभएपछि विराटनगर दुग्ध वितरण आयोजनाले मात्र होइन निजी क्षेत्रका डेरीले समेत किसानको दूधको भुक्तानी दिन सकेका छैनन् । यसका कारण कृषक अप्ठ्यारोमा परेका छन् । “यसअघि गुणस्तरको आधारमा प्रतिलिटर रु ७० सम्म दूधको मूल्य पाएका किसानले अहिले रु ४०-५० मा चित्त बुझाउनुपरेको छ ।” सूर्योदय नगरपालिका-१ मकरजुङका किसान जीवन पोखरेल भन्छन्, “न समयमा पेमेन्ड हुन्छ, सबै उद्योगमा सामान स्टक देखिन्छ । यो पाराले त मिल्क हालिडे होलाजस्तो भइसक्यो ।” इलाममा दुग्ध विकास संस्थान (डिडिसी)र निजी दुग्ध उद्योगका लागि ७८ हजार लिटर दुग्ध दैनिक उत्पादन गर्ने करिब चार हजार परिवार कृषकको यस्तै पीडा छ ।

सूर्योदयका दुग्ध व्यवसायी अमृत पाण्डेले घ्यू र छुर्पी बिक्री नभएपछि निजी डेरीहरूले दूधको मूल्य घटाउन बाध्य हुनुपरेको गुनासो गरे । सन्राइज डेरी उद्योगमा दैनिक दुग्ध सङ्कलन गर्दै आएका पाण्डेसँग हाल घ्यू छुर्पी स्टक रहेको छ । उनी भन्छन्, “सकेसम्म ऋण लिएर पनि किसानको भुक्तानी समयमा गरिरहेको थिएँ तर, अब अवस्था जटिल भइसक्यो ।” आयोजनाले पनि घ्यू, पाउडर दूधको बिक्री सहज नभएसम्म किसानको दूधको मूल्य भुक्तानी सहज नहुने जनाएको छ । विराटनगर दुग्ध वितरण आयोजनाका प्रमुख परमेश्वर चौधरीले अहिले घ्यू र पाउडर गरेर एक सय ३३ टन दुग्ध पदार्थ स्टकमा रहेको जानकारी दिए ।

# साथीको ७ बर्षीय छोरीलाई बलात्कारको आरोपमा जन्मकैद

**टुडे समाचारदाता**

कलैया । आफ्नै साथीको ७ बर्षीय छोरीलाई बलात्कार गरेको आरोपमा एक जनालाई बारामा जन्मकैदको सजाय गरिएको छ। ७ वर्षीया बालिकालाई करणी गरेको मुद्दामा जीतपुर सिमरा वडा नं ७ स्थित काठ तथा फर्निचर मिलमा कार्यरत भुवन चौधरी भन्ने हेमन चौधरीलाई बारा जिल्ला अदालतले जन्मकैदको फैसला गरेको छ। जिल्ला अदालत बाराका न्यायाधीश प्रकाश राउतको एकल इजलासले चौधरीलाई जन्मकैदको फैसला सुनाएको छ।



मुद्दामा पीडित बालिकाको तर्फबाट जिल्ला न्यायाधिवक्ता लोकराज पोखरेल र प्रतिवादी चौधरीको तर्फबाट नागेन्द्र राउतले बहस गरेका थिए । जिल्ला अदालत बाराले प्रतिवादी उपरको किटानी जाहेरी, घटनास्थलको मुचुल्का, घटनाको विवरण कागज तथा पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा चिकित्सकले अदालतमा गरेको बकपत्र, मौकामा बुझिएका मानिसहरूको भनाइलाई प्रमाणको रूपमा लिएर फैसला सुनाएको छ।

सो घटनामा डा. सुरजकुमार चौरसियाले बालिकाको शारीरिक परीक्षण गरेका थिए । डा. चौरसियाको बयानमा पीडित बालिकाको बुवाको साथी एउटै मिलमा काम गर्ने भएकोले हेरविचारको लागि डेरा कोठामा छाडी जाने गरेका थिए। घटना भएको दिन पीडितको बुवाको साथीले बालिका सुतिरहेको अवस्थामा अर्को कोठामा लगेर करणी गरेका थिए।

घटनापछि पीडित बालिका बोल्न नसक्ने अवस्थामा भएकाले घटनाबारे बहिनीले बयान दिएको डा. चौरसियाले जनाएका छन् । प्रतिवादी भुवन चौधरी भन्ने हेमन चौधरी र पीडित वालिकाका बुवा लामो समयदेखि जीतपुर सिमरा वडा नं ७ स्थित फर्निचर उद्योगमासँगै काम गर्दै आएका साथी छन्। २०७९ असोज ८ गते पीडित बालिकाका अभिभावक काम विशेषले हेटौडा गएको बेलामा काठ मिलमा सँगै काम गर्ने भुवन चौधरीको घरमा उनीहरूले छोराछोरी छाडेका थिए। चौधरीको पनि साना छोराछोरी भएकाले दिनभर उनीहरूसँगै खेल्ने गरेकोले पीडित बालिकाका अभिभावकले विश्वासको भरमा उनलाई त्यसदिन भुवन चौधरीको घरमा छाडेका थिए।

तर सोही दिन चौधरीले राति करिब १० बजेको समयमा बालिकालाई सुतिरहेको ठाउँबाट उठाएर अन्यत्र लगेर जबरजस्ती करणी गरेका थिए। घटना पश्चात् बालिका रोई कराइ गरेपछि चौधरीले सुरुमा पैसा दिन्छु भन्दै फकाएको र नमानेपछि घटनाबारे कसैलाई भने मार्ने धम्की दिएका थिए।

असोज ८ गते राति भएको घटनामा पीडित बालिकाको अभिभावक भोलिपल्ट घर फर्किएपछि छोरीले पेट र पिसाब फेर्ने ठाउँ दुखेको छ भन्दा के भयो भनी सोध्दा पीडित बालिकाले घटनाबारे सबै कुरा अभिभावकलाई बताएकी थिइन् । त्यसपछि पीडित बालिकाका अभिभावकले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को ३ (क) बमोजिम सजायको माग गर्दै बारा जिल्ला अदालतमा अभियोगपत्र दायर गरेका थिए।

सो मुद्दामा बारा जिल्ला अदालतले मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (३) (क) बमोजिम प्रतिवादी चौधरीलाई जन्मकैदको सजाय हुने तथा दफा (३) (क) बमोजिम सात लाख रुपैयाँ जरिवाना हुने ठहर गरेको छ। साथै जरिवाना बापतको रकम पीडित राहत कोषमा जम्मा गरी कोषमार्फत बालिकालाई भराइदिन निर्देशन समेत दिएको छ। मुलुकी अपराध संहिता २०७४ को दफा २२८ बमोजिम प्रतिवादी चौधरीबाट क्षतिपूर्ति बापत थप २ लाख भराउने पनि फैसलामा उल्लेख गरिएको छ। २०७९ असोज १३ गतेदेखि वीरगञ्ज कारागारमा थुनामा रहेका चौधरीलाई जिल्ला अदालत बाराले गरेको जन्मकैदको फैसला बारे सूचना दिन जानकारी गराइएको छ।

गत वर्ष असोज ८ गते भएको सो घटनामा बारा जिल्ला अदालतले ३ महिनाअघि फैसला प्रमाणीकरण गरेर केही दिनअघि पूर्ण पाठ सार्वजनिक गरेको छ। जिल्ला सरकारी वकिल कार्यालय जिल्ला न्यायाधिवक्ता कैलाश क्षेत्रीले १० वर्षमुनिका बालिकाहरू माथि हुने करणीका घटनामा जन्मकैदको सजाय हुने कानुनी व्यवस्थालाई सार्वजनिक रूपमा प्रचार प्रसार गर्न सके बालिकामाथि हुने करणीका घटनामा कमी आउने सक्ने बताउँछन्।

'१० वर्ष मुनिका बालिकाहरूलाई जबरजस्ती करणी गर्दा बाचुन्जेल जेलमा बस्नुपर्छ भन्ने कानुनमा उल्लेख भएको कुरा धेरैलाई थाहा छैन,' जिल्ला न्यायाधिवक्ता क्षेत्रीले भने, 'स्थानीय तहहरूले अलि गम्भीर भएर यस्ता घटनामा कानुनी कारबाही के छ, यस्ता घटनाहरू कसरी कम गर्न सकिन्छ भन्ने विषयमा सार्वजनिक रूपमा बहस चलाउनु पर्दछ ।' यता जिल्ला अदालत बाराले प्रत्येक महिना ३ देखि ४ जना बालिका र महिलामाथि हुने करणीका घटना अदालतमा आइपुग्ने गरेका जनाएको छ।

# त्रुटि सच्याएर नेपाल र भारत मिलेर अगाडि बढ्नु पर्छ : नेता महतो

**टुडे समाचारदाता**

राजविराज । वर्तमान परिवेशमा नेपाल-भारत सम्बन्ध दुबै मुलुकको विकास, समृद्धि तथा सुरक्षाको आधारमा अगाडि बढ्नुपर्ने धारणा व्यक्त गरिएको छ। यसका लागि नेपाल र भारत मिलेर बढ्नु पर्ने सुझावसमेत दिइएको छ।

नेपाल-भारत खुल्ला सीमा सम्वाद समूह सप्तरीद्वारा सोमबार राजविराजमा आयोजित "राजविराज-कुनौली सीमा" विषयक अन्तर सम्वाद कार्यक्रमका वक्ताहरुले बर्षौदेखि कायम रहेको नेपाल-भारतबीचको सांस्कृतिक, सामाजिक र राजनीतिक सम्बन्धलाई अझ प्रगाढ बनाउन र भइरहेका कमीकमजोरी सच्याउन आ-आफ्नो अनुभव र धारणासहित सुझाव दिएका छन्।




कार्यक्रममा पूर्व उपप्रधानमन्त्री एवं लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले नेपाल-भारतबीच विद्यमान जनस्तरको सम्बन्धलाई व्यापक र प्रगाढ बनाउने दिशामा सबै मिलेर अगाडि बढ्नु पर्नेमा जोड दिए। उनले नागरिक स्तरमा आइपर्ने बाधा, अवरोध र विभिन्न खाले समस्या समाधानका लागि सीमावर्ती क्षेत्रमा साझा सहकार्यको पनि औचित्य बढेर गएको बताए।

नेपाल-भारतबीचका व्यवसायिक, आर्थिक, सांस्कृतिक, सामाजिक लगायत विभिन्न सम्बन्धमा केही त्रुटि भए मिलेर समाधान खोजी सम्बन्धलाई थप उचाईमा पुऱ्याउनु पर्ने उनले जोड दिए । उनले सीमाञ्चल क्षेत्रमा अवस्थित राजविराजमा सक्रिय नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहको भूमिका अत्यन्तै गहन रहेको चर्चा गर्दै आगामी दिनहरुमा यसले दुई देशबीच कुनै समस्या आए समाधानका लागि थप भूमिका खेल्ने विश्वाससमेत व्यक्त गरे।

भारतको कुनौली ब्लकका प्रमुख एवं नागरिक अगुवा अरबिन्द गुप्ताले दुई मुलुकको जनताको हित र चाहना बमोजिम नेपाल-भारत सम्बन्ध कायम हुनपर्छ भन्दै आपसी सम्बन्ध तथा कुटनीतिक पहलको आधारमा दुई मुलुकबीच देखिएका समस्याहरुको सम्बोधन हुनुपर्ने धारणा राखे।

उनले तिलाठीस्थित राजविराज भन्सार कार्यालयको अगाडि रहेको भारतीय बजार कुनौली जोड्ने मार्गमा पुल नहुँदा दुबै देशका नागरिकले पीडा भोग्नु परिरहेको सुनाउँदै समस्या समाधानका लागि नेपाल-भारत मैत्री पुल निर्माण गर्न दुबै देशका नागरिकले आ-आफ्नो सरकारको ध्यानाकर्षण गराउनुपर्ने आवश्यकता औल्याए।

पूर्वमन्त्री उमेश कुमार यादवले दुबै मुलुकले एक अर्काको संवेदनशीलता बुझेर अगाडि बढ्नु पर्नेमा जोड दिँदै नेपाल-भारत खुल्ला सीमा सम्वाद समूहले चलाएको अभियानमा आफ्नो सदा साथ र सहयोग रहने प्रतिबद्धता जनाए।

आयोजक संस्थाका अध्यक्ष गजेन्द्र कुमार मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्वसांसद चन्द्रकान्त चौधरी, समूहका केन्द्रीय संयोजक राजीव झा, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, वरिष्ठ पत्रकार अनिलकुमार अनल, लोसपाका केन्द्रीय सदस्य दीपेन्द्र चौधरी, जसपाका जिल्ला अध्यक्ष केदार यादव, कांग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साह, माओवादी केन्द्रका बिनोद कुमार यादव, हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर वीरेन्द्र माझी, राजविराज नगरपालिकाका पूर्वमेयर शैलेश चौधरी, शम्भुप्रसाद यादव, महिला नेतृ साधना झा, रमिला साह, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, सेभ द सप्तरीका अध्यक्ष ध्रुब देव लगायतले पनि खुल्ला सिमाना नेपाल-भारत सम्बन्धको विशिष्ट पक्ष रहेको चर्चा गर्दै यसबाट दुबै मुलुक थप लाभान्वित हुनुपर्नेमा जोड दिएका थिए।

# एभरेष्ट चिनी मिलमा उखु क्रसिङ सुरु

**टुडे समाचारदाता**

बर्दीबास । महोत्तरीको रामनगरस्थित एभरेष्ट चिनी मिलले उखु क्रसिङ सुरु गरेको छ । शुक्रबारदेखि सञ्चालनमा आएको एभरेष्टले दैनिक २५ हजार क्विन्टल उखु क्रसिङ गरी दुई हजार २ सय क्विन्टल चिनी उत्पादन गरेको मिलको प्रशासन शाखाले जनाएको छ।



एभरेष्टले मंसिर २५ गतेदेखि नै मिल सञ्चालनको तयारी गरेको थियो । तथापि मूल्य निर्धारणको विषयलाई लिएर उखु किसान आन्दोलनमा उत्रेका कारण निर्धारित समयमा मिल सञ्चालन हुन सकेको थिएन। सङ्घर्षरत किसानले बिहीबार विज्ञप्ति जारी गर्दै आन्दोलन रोकेपछि करिब दुई साता ढिलो गरी क्रसिङ सुरु भएको छ।

क्रसिङमा ढिलाइ हुँदा मिलगेटमा आइपुगेका करिब दुई हजार ५ सय क्विन्टल उखु सुकेर गएको एभरेष्ट चिनी मिलका महाप्रबन्धक सुरेन्द्र शुक्लाले दुखेसो पोखे। यस वर्षको क्रसिङ सिजन (२०८०-८१) मा न्यूनतम ३० लाख क्विन्टल उखु क्रसिङ गरी दुई लाख ७० हजार क्विन्टल चिनी उत्पादनको लक्ष्य रहेको महाप्रबन्धक शुक्लाले जनाए । यसमध्ये १८ लाख क्विन्टल उखु महोत्तरीबाट करिब १० लाख क्विन्टल सर्लाहीबाट तथा बाँकी उखु धनुषा, रौतहट र बारा जिल्लाबाट आपूर्ति गरिने उनले बताए।

क्रसिङका लागि आवश्यक उखु मिल गेटमा २० लाख क्विन्टल र कारखाना परिसर बाहिर महोत्तरी र सर्लाहीका ग्रामीण भेगमा रहेका ३३ वटा खरिद केन्द्रमार्फत १० लाख क्विन्टल उखु आपूर्तिको व्यवस्था मिलाइएको एभरेष्टले जनाएको छ । यसका लागि खरिद केन्द्रहरूमा परिचालित प्राविधिज्ञ र कर्मचारीहरूले संम्वद्ध कृषकहरूलाई धमाधम चलान पुर्जी वितरण गरिरहेको उनले जनाए।

"उखुको आपूर्ति पनि अपेक्षित ढङ्गमा भइरहेको छ," महाप्रबन्धक शुक्लाले भने। गत वर्ष एभरेष्टले क्रसिङ सिजन (०७९-८०) २६ लाख ३० हजार ७४७ क्विन्टल उखु क्रसिङ गरी २ लाख ४२ हजार ३ क्विन्टल चिनी उत्पादन गरेको थियो। यस वर्ष उखुको उत्पादन र खेतीको क्षेत्रफल बढेकाले गत वर्षको तुलनामा ४ लाख क्विन्टल बढी उखु क्रसिङको लक्ष्य लिएको महाप्रबन्धक शुक्लाले बताए।

यस वर्षदेखि उखु किसानलाई छिटोछरितो भुक्तानीको व्यवस्था मिलाएको दाबी गरिएको छ । यो व्यवस्थाले किसानमा उत्साह बढ्ने एभरेष्टको आङ्कलन छ। "किसानको सहुलियतका लागि उखु तौल गराएको ४ दिनभित्रै संम्वद्ध कृषकको खातामा भुक्तानीको व्यवस्था मिलाएका छौं," महाप्रबन्धक शुक्लाले भने। गएको वर्ष पनि कारखानाले एक साताभित्र उखुको भुक्तानी गरेर किसानमा भरोसा जगाएको उनको आङ्कलन छ।

चिनी मिल सञ्चालनमा आए पनि माग अनुसारको मूल्य नपाउँदा उखु किसान भने निराश देखिएका छन्। यो नैराश्यताको असर आगामी वर्षको उखु खेतीमा पर्ने उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेश सिंह कुशवाहाले बताए।

सरकारले गत वर्ष उखुको ५४० रुपैयाँमा २५ रुपैयाँ मात्रै थप गरी प्रति क्विन्टल ५६५ रुपैयाँ कायम गरेको छ। यो वृद्धिसँगै सरकारले दिने ७० रुपैयाँ समेत जोड्दा उखुको मूल्य प्रति क्विन्टल ६३५ रुपैयाँ कायम भएको छ। उखु किसानले भने बढ्दो महँगीका कारण उखुको मूल्य प्रति क्विन्टल ७५० रुपैयाँ माग गर्दै विभिन्न चरणमा आन्दोलन गर्दै आएका थिए।

"सरकारले हचुवाको भरमा बढाएको मूल्यप्रति असन्तुष्ट किसानले आउँदो वर्षदेखि उखु खेती छाड्ने सम्भावना देखिएको छ," कुशवाहाले भने, "खेतमै सुकेर जाने कारण यो वर्ष किसानले बाध्यतावश चिनी मिललाई उखु दिएका हुन्।"

एभरेष्ट चिनी मिलका प्रमुख उखु महाप्रबन्धक (क्यान म्यानेजर) बिके यादवकाअनुसार महोत्तरीका ८ हजार कृषकले यो वर्ष ७ हजार बिग्हामा उखु खेती लगाएका छन्।

# सीपमूलक तालिमको परियोजना सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । 'साथ' नामक गैर सरकारी संस्थाले धनुषा जिल्लाको विभिन्न स्थानमा सञ्चान गर्दै आएका सीपमूलक तालिमको परियोजना सम्पन्न भएको छ । विगत पाँच वर्षदेखि जनकपुरधाम र धनुषाधाम नगरपालिकामा सञ्चालनमा रहेको सिलाई कटाइ तथा मिथिला पेन्टिङ्ग कार्यक्रम सम्पन्न भएको संस्थाका सञ्चालक कृतिसमा कार्कीले जानकारी दिइन्।



उनले विगत १७ वर्ष देखि निरन्तर महिला सशक्तीकरण र सीपमूलक कार्यक्रम सञ्चालन गर्दै आएका 'साथ'ले यहाँका महिलालाई सीप दिने र सीप भएकाहरुलाई सीपको विकास गर्न टेवा पुऱ्याएको जानकारी दिइन्। 'साथ'ले धनुषाधाममा रहेका अतिविपन्नहरुलाई सीप सिकाएर व्यवसायमा लगाएपछि उनीहरुको जीवन स्तरमा सुधार आएको जानकारी दिइन्।

सो अवसरमा कार्यक्रम प्रवन्धक समीक्षा शर्माले एक वर्षमा २४ जनालाई दक्ष बनाएर पाँच बर्षमा १ सय १५ जनालाई सीपमूलक बनाएको जानकारी दिइन्। उनले सीप भएकाहरुलाई बजार व्यवस्थापनमा समस्या हुने गरेको थियो तर हामीले बजार व्यवस्थापन र वित्तीय साक्षरता सम्बन्धी तालिम दिएपछि उनीहरुको त्यो समस्या तत्कालका लागि समाधान भएको बताइन्।

त्यो समूहमा रहेकी महिलाहरुले विभिन्न समूह बनाएर आफ्ना व्यवसाय अगाडि बढाइ रहेकी उनले जानकारी दिइन्। उनले तालिम लिएकीहरु मध्ये कतेकौले आफ्नै पसल सञ्चालन गरेको समेत बताइन्। उनले 'डाफे' नामक संस्था संग ती महिलाहरुलाई समन्वय गराई उनीहरुले उत्पादन गर्ने सामग्रीहरुको बजार व्यवस्थापन गरिरहेको समेत बताइन्। उनले ४२ जनाको सामुदाय गठन गरेको बताउँदै तालिम प्राप्त गरेपछि एकले अर्कालाई सहयोग गर्ने परिपाटीको समेत स्थापना भएको बताइन्।

संस्थापक सदस्य बिजयस रञ्जीतले कार्यक्रम सञ्चालन हुनु पूर्व र सञ्चालन भएपछि त्यो समूदायमा धेरै परिवर्तन आएको बताए। उनले ती समूदायका महिलाहरुलाई सुरु देखि नै सीप सिकाएको र बजार व्यवस्थापन समेत सिकाएपछि उनीहरुमा व्यवसायिक ज्ञान समेत आएको बताए।

सो अवसरमा मिथिला आर्टका प्रशिक्षक सोनम कर्ण, सिलाई कटाई प्रशिक्षक अनिता साह, सहायक प्रशिक्षक सरस्वती सदा र वित प्रमुख समीक्षा विष्ठ र शिक्षा कोर्डिनेटर लक्ष्मी सदाले आफ्नो अनुभव सुनाएका थिए भने सो अवसरमा महिलाहरुको सशक्तिकरण सम्वन्धी वृत्तचित्र समेत प्रस्तुत गरिएको थियो।

# गापा अध्यक्ष महतोको गाडी प्रहरी नियन्त्रणमा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले प्रयोग गर्दै आएका भारतीय नम्बरको स्कारपीयो प्रहरीले नियन्त्रणमा लिएको छ । चन्द्रनगर गाउँपालिकाका अध्यक्ष महतोले प्रयोग गर्ने बिआर ३० पि १२१२ नम्बरको स्कारपीयो शंकास्पद अवस्थामा रहेको भन्दै नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ।



लालबन्दी नगरपालिका ६ स्थित रामछविला पेट्रोल पम्प नजिकैबाट शंकास्पद अवस्थामा चन्द्रनगर गाउँपालिकाका अध्यक्ष महतोले प्रयोग गर्ने बिआर ३० पी १२१२ नम्बरको स्कारपियो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उनले गाउँपालिकाको ना १ झ १६५७ नम्बरको सरकारी स्कारपियो सार्वजनिक विदाको दिनमा पनि प्रयोग गर्ने गरेका थिए।

सरकारी स्कारपीयो सार्वजनिक विदाको दिन प्रयोग गरेको भन्दै स्थानीयले नियन्त्रणमा लिएपछि उनले भारतीय नम्बरको स्कारपीयो प्रयोग गर्न थालेका थिए। गाउँपालिका अध्यक्ष महतोले प्रयोग गरेको भारीतय नम्बरको स्कारपीयोको करिब १५ दिन पहिलै भन्सार समेत सकिएको पाइएको छ भने शंकास्पद अवस्थामा सो स्कारपीयो नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

यता, पहिला आफैं भन्सार काट्न गएमा प्रति दिन छ सयका दरले हुने तर भन्सार फेल भएर एक साता पछि आएमा प्रतिदिन दुई हजार पाँच सयका दरले भन्सार काट्ने कानुनी प्रक्रिया रहेको छ तर प्रहरीले नियन्त्रणमा लिएको अवस्थामा प्रहरीको प्रतिवेदनमा भरपर्ने बताइएको छ।

# इन्टरपोलले रेड नोटिस जारी गरेपछि पासमान पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । इन्टरपोलबाट रेड नोटिस जारी भएपछि फरार रहेका धनुषा औरही गाउँपालिका वडा नम्बर ५ का ४४ वर्षीय रजिन्द्र पासमानलाई ठगी तथा संगठित अपराध मुद्दामा पक्राउ गरिएको छ।

एनसीबी दोहा, कतारको समन्वयमा कतारबाट पक्राउ परेका आरोपित पासमानलाई सम्बन्धित मुद्दामा कारबाहीका लागि सोमबार नेपाल ल्याइएको प्रहरीले जनाएकोछ।




आरोपित पासमानलगायतका व्यक्तिहरूले पीडितको माछापुच्छ्रे बैंकको खाताबाट ९ लाख रूपैयाँ अनधिकृत रूपमा ट्रान्सफर गरी विभिन्न बैंकका एटिएम कार्डहरूमार्फत निकालेको आरोप उनीमाथि रहेको छ।

अनुसन्धानको क्रममा पासमान वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको जानकारी पाएसँगै इन्टरपोलले पक्राउ गरेको छ।

अन्तर्राष्ट्रियस्तरमा खोजतलासका लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ डिसेम्बर ७ मा पासमानविरुद्ध रेड नोटिस जारी भएको थियो।

यता प्रहरीले भने यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।

**जाडोको समयमा चिसौंबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८